# राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल
# २०५४ को संशोधित विधान - २०७६
## (मिति २०७६/०४/३१ र ३२ मा बसेको राष्ट्रिय प्रतिनिधि परिषद् बैठकद्वारा संशोधित र परिमार्जित)

## प्रस्तावना

राष्ट्र निर्माणका अत्यावश्यक पूर्वाधारहरूमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत समुचित लगानी पुऱ्याउन निजी क्षेत्रको समेत लगानी अपरिहार्य देखिन्छ । यसै सन्दर्भमा मुलुकभर सरकारले अनुमति स्वीकृति दिई सञ्चालनमा रही शिक्षाको माध्यमबाट राष्ट्र विकासमा निजी तथा संस्थागत विद्यालयहरू सक्रिय रहेका छन् । निजी लगानीका विद्यालयहरूको संरक्षण तथा संवर्धन गर्न, विद्यालयलाई स्थायित्व प्रदान गरी संस्थापकको वा लगानीकर्ताहरूको लगानी तथा स्वामित्व सम्बन्धी अधिकारको सुरक्षा गर्न, लगानीकर्ताहरूको स्वामित्व हस्तान्तरण हुँदै जाने अधिकार सुरक्षण गर्न अपरिहार्य छ । यसैगरी लगानीकर्ता, प्रिन्सिपल (प्र.अ.), शिक्षक, कर्मचारी, विद्यार्थी एवं अभिभावकहरूको हक, हित तथा चौतर्फी विकासको लागि बालबालिकाहरूलाई प्राथमिकतामा राखी गुणस्तरीय शिक्षा प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्न निजी विद्यालयहरूबिच पारस्परिक ऐक्यबद्धता र समन्वय स्थापित भई शिक्षाको विकास हुन सकोस् भन्ने हेतुले सबैको सहमतिले राष्ट्रिय स्तरमा "राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल" अङ्ग्रेजीमा **(National Private & Boarding Schools' Association Nepal)** लाई स्थायी रूपमा स्थापना गर्न वाञ्छनीय भएकोले यस विधानको निर्माण गरी तत्काल लागु हुने गरी घोषणा गरिएको छ ।

# परिच्छेद - १

## १. सङ्क्षिप्त नाम र प्रारम्भ :

क) यस विधानको नामः "राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल" को विधान, २०५४ हुने छ । यस संस्थाको नाम छोटकरीमा नेसनल प्याब्सन र अङ्ग्रेजीमा National PABSAN भनिने छ ।

ख) यो विधान नेपाल सरकारबाट पारित भएको मितिदेखि लागु हुने छ। आवश्यकता अनुसार राष्ट्रिय महाधिवेशन तथा राष्ट्रिय प्रतिनिधि परिषद्बाट संशोधन गर्दै लैजान सकिने छ।

## २. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

क) "विधान" भन्नाले राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपालको विधान, २०५४ लाई जनाउने छ ।

ख) "नियम" भन्नाले यस विधान अर्न्तगत बन्ने नियमहरूलाई जनाउने छ ।

ग) "एसोसिएसन" भन्नाले यस विधान अनुरूप गठन भएको राष्ट्रिय निजी तथा आवासीय विद्यालयहरूको एसोसिएसनलाई जनाउने छ ।

घ) "निजी तथा आवासीय विद्यालय" भन्नाले नेपाल सरकारबाट कुनै अनुदान नलिई सम्पूर्ण निजी लगानीबाट कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई सम्बन्धित निकायबाट अनुमति तथा स्वीकृति लिई सञ्चालित पूर्व प्राथमिक, आधारभूत र माध्यमिक विद्यालयलाई जनाउने छ ।

ङ) "सदस्य" भन्नाले यस विधान बमोजिम सदस्यता प्राप्त विद्यालयलाई जनाउँछ र सदस्य विद्यालयले औपचारिक रूपमा लगानीकर्ताहरू मध्येबाट सिफारिस प्राप्त व्यक्तिलाई "प्रतिनिधि" जनाउने छ ।

च) "महाधिवेशन", ''प्रतिनिधि परिषद्'' र "समिति" भन्नाले क्रमशः यस विधान बमोजिम गठित राष्ट्रिय महाधिवेशन, विशेष महाधिवेशन, प्रदेश अधिवेशन, जिल्ला तथा पालिका अधिवेशन, राष्ट्रिय प्रतिनिधि परिषद्/प्रदेश प्रतिनिधि परिषद् र जिल्ला प्रतिनिधि परिषद् तथा राष्ट्रिय, प्रदेश, जिल्ला तथा पालिका अधिवेशनद्वारा निर्वाचित र पदावधि बहाल भएका केन्द्रीय, प्रदेश, जिल्ला तथा पालिका समितिलाई समेत जनाउने छ ।

छ) "तोकिए बमोजिम" भन्नाले यस विधान वा यस विधान अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए अनुरूपको कुरालाई जनाउने छ ।

ज) "उपसमिति"/"संयोजक"/"सह–संयोजक"/ विभाग भन्नाले यस विधान-अन्तर्गत बनेको एसोसिएसनको समितिबाट गठित उपसमिति, संयोजक, सह संयोजक तथा विभागलाई सम्झनु पर्दछ ।

झ) "सदस्यता शुल्क" भन्नाले एसोसिएसन र यस अन्तर्गतका नियमावलीमा तोकिए बमोजिम सदस्य विद्यालयले बुझाउनु पर्ने प्रवेश, वार्षिक र अन्य शुल्कहरू सम्झनु पर्दछ ।

ञ) "पदाधिकारी" भन्नाले केन्द्रीय समितिको हकमा अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरू, महासचिव, कोषाध्यक्ष, सचिवहरू तथा सहकोषाध्यक्ष प्रदेश समितिको हकमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र जिल्ला समितिको हकमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, र पालिका समितिका सम्बन्धमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्षलाई जनाउने छ ।

ट) "कार्यकाल" भन्नाले निर्वाचित समितिको विधानमा तोकिएको समयावधिलाई सम्झनु पर्दछ । सबै समितिको कार्यकाल निर्वाचन भएको मितिले ३ वर्षको हुने छ ।

ठ) "उपसमिति" भन्नाले कुनै पनि समितिले निश्चित कार्य सम्पादन गर्न तोकेको अवधिसम्म कार्य गर्ने उपसमितिलाई जनाउने छ ।

ड) "विभाग" भन्नाले केन्द्रीय समितिले विशेष प्रयोजनका लागि गठन गर्ने विभागलाई जनाउने छ ।

ढ) "सल्लाहकार" भन्नाले कुनै पनि समितिका अध्यक्षहरूले समितिबाट अनुमोदन गराई समितिलाई कार्य सम्पादन गर्न राय, सल्लाह दिने प्रभावशाली तथा विशिष्ट व्यक्तिलाई जनाउने छ ।

## ३. नेसनल प्याब्सनको स्थापना र कार्यालय :

क) नेसनल प्याब्सनको केन्द्रीय समितिको कार्यालय काठमाडौँ उपत्यकामा रहने छ । तथा, नेसनल प्याब्सनका प्रदेश र जिल्ला समितिको कार्यालय सम्बन्धित समितिको निर्णय अनुसार सम्बन्धित स्थानमा नै हुने छ ।

ख) नेसनल प्याब्सन एक अविच्छिन्न उत्तराधिकारवाला सङ्गठित संस्था हुने छ । नेसनल प्याब्सनले व्यक्ति सरह प्रचलित कानुनी उपचारको अधिकार राख्ने छ । साथै, नेसनल प्याब्सनले व्यक्तिले सरह चल अचल सम्पत्ति किनबेच तथा भोग चलन गर्न सक्ने छ ।

## ४. नेसनल प्याब्सन स्वशासित र सङ्गठित संस्था हुने छ :

क) नेसनल प्याब्सनको छुट्टै छाप (चिन्ह) हुने छ, उक्त छाप (चिन्ह) यस विधानमा लेखिए अनुसार नै हुने छ ।

ख) नेसनल प्याब्सनको छुट्टै झण्डा हुने छ, उक्त झण्डा यस विधानमा उल्लेख भए अनुसार नै हुने छ ।

# परिच्छेद - २

## नेसनल प्याब्सनको उद्देश्य :

क) राष्ट्र, राष्ट्रियता, सार्वभौमिकता, स्वाधीनता, स्वतन्त्रता, मौलिकता, भाषा, धर्म, संस्कृति, सभ्यता र यसका मूल्य मान्यताको लागि स्तरीय शिक्षाको माध्यमबाट अनुशासित, चरित्रवान्, नैतिकवान्, मिहिनेती तथा सिर्जनशील र आदर्श नागरिक तयार पार्न नेसनल प्याब्सन सदा समर्पित रहने ।

ख) गुणस्तरीय शिक्षाका माध्यमबाट देश विकासको राष्ट्रिय अभियानमा टेवा पुऱ्याउने ।

ग) विद्यालय र यसका लगानीकर्ताहरू हक, हित र स्वामित्वको सुरक्षा गर्न क्रियाशील हुने ।

घ) विद्यालयहरूमा उपयुक्त शैक्षिक वातावरण तयार पारी विद्यार्थीहरूलाई उनीहरुको शैक्षिक, चारित्रिक, जीवन उपयोगी र सर्वाङ्गीण विकासका लागि योगदान पुऱ्याउन सहयोग गर्ने ।

ङ) विद्यालयका सञ्चालक, शिक्षक, कर्मचारी, अभिभावक र विद्याथीहरू बिच समझदारी कायम राखी पारस्परिक सहयोग पुऱ्याउन सक्रिय रहने ।

च) विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीहरूको हकहितको संरक्षण, संवर्धन गर्दै वृत्ति विकासमा निरन्तर योगदान पुऱ्याउने ।

छ) शिक्षाका माध्यमबाट शान्ति, अहिंशा र विश्वबन्धुत्वको भावना विकास गराउन सहयोग पुऱ्याउने ।

# परिच्छेद - ३

## सदस्यता :

### ३.१ सदस्यको योग्यता :

क) कम्पनी रजिस्ट्रारको कार्यालयमा प्रि स्कुलदेखि कक्षा १२ सम्म पठन पाठन गर्ने गरी दर्ता भई सम्बन्धित निकायबाट अनुमति वा स्वीकृति प्राप्त सबै तहका निजी लगानी र स्वामित्वमा सञ्चालन भएका विद्यालयहरू नेसनल प्याब्सनका सदस्य बन्न सक्ने छन् ।

ख) खण्ड (क) मा उल्लेख भएका विद्यालयले नेसनल प्याब्सनको वृहत्तर हित र उद्देश्यप्रति सहमत भई यस विधान, नियमावली तथा निर्णयहरूप्रति सहमत हुनु पर्दछ ।

ग) सदस्यता प्राप्ति सम्बन्धमा सदस्यता स्थानान्तरण वा सोसँग सम्बन्धित कुनै विवाद उत्पन्न भई कुनै पालिका जिल्लाले सदस्यता प्रदान गर्न इन्कार

गरेको वा सदस्यता खारेज गरेको वा सदस्यता सम्बन्धी तथा अन्य विषयमा कुनै उजुरी सम्बन्धित जिल्ला/प्रदेशमा परी त्यसको निर्णय भई सो निर्णयमा चित्त नबुझेको वा उजुरी नै लिन अस्वीकार गरेको भन्ने विषयमा केन्द्रीय समितिमा कुनै निवेदन परेमा केन्द्रीय समितिले आवश्यकता अनुसार छानबिन समिति गठन गरी प्राप्त प्रतिवेदनको आधारमा निर्णय गर्ने छ।

## ३.२ सदस्यको अधिकार :

यस विधानको अधीनमा रही नेसनल प्याब्सनका प्रत्येक सदस्यहरूलाई देहाय बमोजिम अधिकारहरू प्राप्त हुने छन् :

क) नियम बमोजिम निर्वाचनमा भाग लिन पाउने अधिकार,

ख) सूचनाको अधिकार,

ग) आर्थिक पारदर्शिताको अधिकार।

## ३.३ सदस्यताको प्रकार र प्राप्ति :

क) कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई सञ्चालित पूर्व प्राथमिक, आधारभूत र माध्यमिक (कक्षा १२ सम्म) स्तरका निजी विद्यालयहरू नेसनल प्याब्सनका सदस्य हुन सक्ने छन्।

ख) विद्यालयले सदस्यताका लागि नेसनल प्याब्सनको आर्थिक विनियममा तोकिए बमोजिमको शुल्क बुझाई सम्बन्धित समितिमा आवेदन दिनु पर्ने छ।

ग) केन्द्रीय समितिले ख्याति प्राप्त विदेशी विद्यालयहरूलाई नेसनल प्याब्सनको मानार्थ सदस्यता प्रदान गर्न सक्ने छ। साथै नेसनल प्याब्सनका पूर्व सदस्यहरू समेतलाई मानार्थ सदस्यता प्रदान गर्न सकिने छ। त्यस्ता सदस्यले निर्वाचनमा भाग लिन पाउने छैनन्।

घ) नेसनल प्याब्सनले तोकिएबमोजिमको रकम वा सो मूल्य बराबरको जिन्सी वा अचल सम्पत्ति प्रदान गर्ने विद्यालयलाई आजीवन सदस्यता केन्द्रीय समितिले प्रदान गर्न सक्ने छ।

## ३.४ सदस्यता प्रदान गर्ने विधि :

क) नेसनल प्याब्सनको सदस्य बन्नका निमित्त तोकिए बमोजिमको प्रक्रिया पूरा गरी जिल्ला समितिले सदस्यता प्रदान गर्ने छ। सदस्यताको प्रमाणीकरण प्रदेश समितिको सिफारिसमा केन्द्रीय समितिले गर्ने छ र सोको जानकारी प्रदेश र जिल्ला समितिलाई दिइने छ।

ख) मानार्थ सदस्यता तथा आजीवन सदस्यताका लागि सम्बन्धित समितिले केन्द्रीय समितिमा सिफारिस सहित पठाउनु पर्ने छ। यस्तो सदस्यता केन्द्रीय समितिले मात्र प्रदान गर्न सक्ने छ।

ग) जिल्ला समिति गठन नभएका जिल्लाका कुनै विद्यालयले यस विधान अनुरूप सदस्य बन्न चाहेमा नजिकको जिल्ला समिति वा केन्द्रमा सोझै दरखास्त प्रस्तुत गरी सदस्यता ग्रहण गर्न सक्ने छ ।

## ३.५ सदस्यता समाप्ति :

क) नेसनल प्याब्सनको मर्यादा, गरिमा र उद्देश्य विपरीत कार्य गरेमा,

ख) नेसनल प्याब्सनको साधारण सदस्यताबाट राजीनामा दिएमा,

ग) नेसनल प्याब्सनको सदस्यता तोकिएको समय सीमामा नवीकरण नगरेमा,

घ) कुनै सदस्य विद्यालय कुनै कारणबश बन्द भएमा त्यस्तो विद्यालयको सदस्यता स्वतः समाप्त हुने छ ।

ड) समान उद्देश्यले स्थापित भएका अन्य संस्थाको सदस्यता लिएमा,

च) नेसनल प्याब्सनको सदस्यता प्राप्त विद्यालयको नेतृत्व गर्ने व्यक्तिलाई फौजदारी अभियोग लागी सो अभियोग प्रमाणित भएमा ।

## ३.६ सदस्यको आचरण :

नेसनल प्याब्सनका प्रत्येक सदस्यले देहाय बमोजिमका आचरण पालना गर्नु पर्ने छ :

क) नेसनल प्याब्सनको हित र उद्देश्य अनुरूपको काम, कारबाहीमा भाग लिने,

ख) नेसनल प्याब्सनको गोपनीयता कायम राख्ने,

ग) नेसनल प्याब्सनका निर्णयहरू पालना गर्नु पर्ने,

घ) नेसनल प्याब्सनको संवर्द्धन, सुदृढीकरण र उद्देश्यपूर्तिमा सक्रिय रहनु पर्ने,

ङ) नेसनल प्याब्सनको आचार-संहिताको पालना गर्नु पर्ने,

च) नेसनल प्याब्सनको विधान तथा नियमावली, निर्णय तथा निर्देशनहरूको पालना गर्नु पर्ने ।

## ३.७ आचरण अवज्ञा सम्बन्धी कारबाही :

क) नेसनल प्याब्सनको कुनै सदस्यले माथिको दफा ३.६ बमोजिमको आचरण पालना नगरेको भन्ने कुनै सदस्यबाट सप्रमाण लिखित उजुरी आएमा सम्बन्धित समितिले सो सम्बन्धमा जाँचबुझ गर्न वा गराउन सक्ने छ । यसरी, जाँचबुझ गर्दा सदस्यको आचरण सन्तोषजनक नभएको पाइएमा उक्त समितिले त्यस्ता सदस्यलाई स्पष्टीकरण, चेतावनी, नसिहत दिन सक्ने छ,

ख) निलम्बन, निष्कासन वा खारेज गर्ने अधिकार केन्द्रीय समितिमा निहित हुने छ ।

# परिच्छेद - ४

## ४.१ राष्ट्रिय महाधिवेशन :

क) राष्ट्रिय महाधिवेशन नेसनल प्याब्सनको सर्वोच्च अङ्ग हुने छ ।

ख) प्रदेश अधिवेशनका वैधानिक सदस्य विद्यालय मात्र राष्ट्रिय महाधिवेशनको प्रतिनिधि हुने छन् ।

ग) राष्ट्रिय महाधिवेशन बस्नलाई घटीमा ५१ प्रतिशत सदस्य उपस्थित हुनु पर्ने छ। प्रथम आह्वानमा आवश्यक ५१ प्रतिशत सदस्यहरूको उपस्थिति नभएको खण्डमा १५(पन्ध्र) दिने सूचना मार्फत दोस्रो सूचना आह्वान गर्नु पर्ने छ। दोस्रो आह्वानमा उपस्थित सङ्ख्यालाई नै गणपूरक सङ्ख्या मानिने छ ।

घ) राष्ट्रिय महाधिवेशनको सञ्चालन केन्द्रीय समितिले वा केन्द्रीय महाधिवेशन आयोजक समितिले गर्ने छ ।

ङ) राष्ट्रिय महाधिवेशनमा भाग लिन आउँदा प्रतिनिधिले केन्द्रीय समितिबाट प्रमाणित परिचय पत्र अनिवार्य रूपमा ल्याउनु पर्ने छ ।

च) राष्ट्रिय महाधिवेशन प्रत्येक तीन तीन वर्षमा हुने छ ।

छ) राष्ट्रिय महाधिवेशन केन्द्रीय समितिको कार्यकालभित्र सम्पन्न गराइसक्नु पर्ने छ ।

ज) राष्ट्रिय महाधिवेशन हुनुभन्दा कम्तीमा ३० दिन अगावै केन्द्रीय समितिले महाधिवेशन हुने स्थान, मिति तथा छलफल हुने विषयहरूको सूचना राष्ट्रिय दैनिक पत्रिकाको माध्यमद्वारा वा विद्युतीय सञ्चार माध्यममार्फत सम्प्रेषण गर्नु पर्ने छ ।

## ४.२ राष्ट्रिय महाधिवेशनको काम, कर्तव्य र अधिकार :

राष्ट्रिय महाधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) नेसनल प्याब्सनको लेखापरीक्षणको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने,

ख) बेरुजु उपर छलफल गरी निर्णय गर्ने,

ग) नेसनल प्याब्सनको उद्देश्य प्राप्तिका लागि आवश्यक योजना निर्माण गर्ने,

घ) नेसनल प्याब्सनको आगामी कार्यकालका लागि कार्यक्रम तथा योजना निर्माण गरी अनुमानित बजेट पारित गर्ने,

ङ) विधिवत् रूपमा केन्द्रीय समितिको निर्माण गर्ने,

च) समितिहरूले गरेका काम कारबाहीको मूल्याङ्कन गर्ने,

छ) आवश्यकता र औचित्यताका आधारमा विधान संशोधन गर्न सक्ने ।

## ४.३ राष्ट्रिय प्रतिनिधि परिषद् :

क) राष्ट्रिय प्रतिनिधि परिषद् यस विधानमा व्यवस्था भए अनुसार हुने छ ।

ख) राष्ट्रिय प्रतिनिधि परिषद् समितिको कार्यकाल समाप्त हुनुभन्दा १ वर्ष अगाडि नै गरिसक्नु पर्ने छ ।

ग) राष्ट्रिय प्रतिनिधि परिषद्का प्रतिनिधिका लागि केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरू, प्रदेश समितिका पदाधिकारीहरू, जिल्ला समितिका पदाधिकारीहरू र पालिका समितिका अध्यक्ष वा संयोजक हुने छन् ।

घ) राष्ट्रिय प्रतिनिधि परिषद् बस्नलाई गणपूरक संख्या ५१ प्रतिशत सदस्य उपस्थित हुनु पर्ने छ ।

ङ) राष्ट्रिय प्रतिनिधि परिषद्को सञ्चालन केन्द्रीय समितिले गर्ने छ ।

च) राष्ट्रिय प्रतिनिधि परिषद्का प्रतिनिधिहरूले अनिवार्य रूपमा केन्द्रीय समितिबाट प्रमाणित परिचय पत्र ल्याउनु पर्ने छ ।

छ) राष्ट्रिय प्रतिनिधि परिषद् हुनुभन्दा कम्तीमा ३० दिन अगावै केन्द्रीय समितिले राष्ट्रिय प्रतिनिधि परिषद् हुने स्थान, मिति तथा छलफल हुने विषयहरूको लिखित सूचना राष्ट्रिय दैनिक वा विद्युतीय सञ्चार माध्यममार्फत सदस्य विद्यालयहरूलाई सम्प्रेषण गराउनु पर्ने छ ।

## ४.४ समितिले आफ्नो म्याद थप्न सक्ने :

राष्ट्रिय विपत, प्रकृतिक प्रकोप र महामारी बाहेक अन्य कारणले म्याद थप गर्न पाइने छैन । उल्लिखित अवस्थाका कारण समितिको कार्यकाल समाप्त हुँदासम्म पनि अधिवेशन/महाधिवेशन हुन नसकेमा समितिको म्याद सम्बन्धित समितिमा छलफल गरी आवश्यकता अनुसार थप गरी उक्त समयभित्र नयाँ समितिको निर्वाचन गराई सक्नु पर्ने छ ।

## ४.५ केन्द्रीय समितिको गठन विधि :

नेसनल प्याब्सनको कार्य सम्पादन गर्न प्रत्यक्ष र मनोनीत गरी देहाय बमोजिम ३५ सदस्यीय केन्द्रीय समितिको गठन गरिने छ :

| | |
|---|---|
| १. अध्यक्ष | - १ |
| २. वरिष्ठ उपाध्यक्ष | - १ |
| ३. उपाध्यक्ष | - ३ |
| ४. महासचिव | - १ |
| ५. कोषाध्यक्ष | - १ |
| ६. सचिव | - ३ |

७. सहकोषाध्यक्ष - १
८. केन्द्रीय सदस्य - २०
९. मनोनीत सदस्य - ४

(यदि कुनै प्रदेशबाट केन्द्रीय सदस्यमा प्रतिनिधित्व नभएमा सो प्रदेशबाट प्राथमिकतामा पर्ने गरी केन्द्रीय अध्यक्षले मनोनयन गर्न सक्ने छन् ।)

### ४.६ केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार :

केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) नेसनल प्याब्सनले गर्ने गतिविधिमा सदैव सक्रिय रहने,
ख) आगामी वर्षहरूका निम्ति बजेट तयार पारी राष्ट्रिय महाधिवेशन तथा राष्ट्रिय प्रतिनिधि परिषद्मा पेस गरी पारित गराउने,
ग) केन्द्रीय समितिले आवश्यकता अनुसार बढीमा तीन जनासम्मलाई बैठकमा आमन्त्रण गर्न सक्ने छ । त्यस्ता सदस्यहरूको मताधिकार हुने छैन,
घ) राष्ट्रिय महाधिवेशनको नीति निर्देशन र कार्यक्रमहरूलाई कार्यान्वयन गर्ने गराउने,
ङ) नीतिगत रूपमा विद्यालयको हितमा विभिन्न विषयको काम कारबाही गराउन आवश्यक उपसमितिहरू गठन गर्ने,
च) सदस्य विद्यालय वा प्रतिनिधिले विधान विपरीत काम कारबाही गरेको ठहरेमा निजमाथि मातहतका समितिको सिफारिसमा आवश्यक कारबाही गर्ने,
छ) मातहतका समितिले विधान विपरीत कामकारबाही गरेमा उक्त समितिलाई उपयुक्त कारबाही गर्ने । आवश्यक परेमा त्यस्ता समितिलाई तत्काल विघटन गरी तदर्थ समितिको निर्माण गर्ने,
ज) नेसनल प्याब्सनको चलअचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,
झ) नेसनल प्याब्सनको आय-व्ययको वार्षिक लेखापरीक्षण गराउने । आय-व्ययको प्रतिवेदन अधिवेशनहरूमा प्रस्तुत गर्ने,
ञ) मुलुकभरका उत्कृष्ट सदस्य विद्यालयका प्रिन्सिपल (प्र.अ.), विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक, कर्मचारी, विद्यार्थी, शिक्षासेवी, समाजसेवीहरूलाई पुरस्कृत गर्न नेसनल प्याब्सन राष्ट्रिय शिक्षा पुरस्कारबाट सम्मानित गर्ने,
ट) शिक्षासँग सम्बन्धित विभिन्न संस्थाहरूसँग सम्पर्क राखी विभिन्न शैक्षिक कार्य गर्ने,
ठ) मातहतका समितिहरूलाई निर्देशन दिने र समन्वयात्मक सम्बन्ध कायम राख्ने,
ड) विद्यालय विकास कार्यक्रम सञ्चालन गर्ने,
ढ) सेमिनार, गोष्ठी तथा तालिमहरूको आयोजना गर्ने,

ण) केन्द्रीय पदाधिकारी तथा सदस्यको राजीनामा स्वीकृत गर्ने,

त) समितिको बैठक तथा कार्य सम्पादनको लागि कार्य विधि निर्माण गर्ने,

थ) केन्द्रीय समितिले कार्य सम्पादनका लागि पाँच सदस्यीय केन्द्रीय कार्य सम्पादन समितिको स्थापना गर्ने,

द) बैठकमा लगातार विना पूर्व सूचना तीन पटकसम्म अनुपस्थित पदाधिकारी तथा सदस्यहरूलाई नियमावली बमोजिम कारबाही गर्ने,

ध) केन्द्रीय समितिको निर्देशन अवज्ञा गर्ने पालिका, जिल्ला, प्रदेश समितिहरूलाई स्पष्टीकरण सोध्ने, नसिह्त दिने र बर्खास्तसमेत गरी तदर्थ समिति गठन गर्न सक्ने छ । तदर्थ समितिले निर्वाचित समिति नआएसम्मको अवधिमा समन्वयकारी भूमिका निर्वाह गर्ने छ । यस्तो अवस्थामा केन्द्रीय समितिले सम्पूर्ण चल अचल सम्पत्ति तथा बैंक खातासमेत रोक्का गर्न सक्ने छ ।

## ४.७ केन्द्रीय समितिका पदाधिकारीहरूको योग्यता :

क) केन्द्रीय अध्यक्षः
केन्द्रीय अध्यक्ष पदको उमेदवारीका लागि दुई कार्यकाल केन्द्रीय पदाधिकारी भइसकेको व्यक्ति योग्य हुने छन् ।

ख) वरिष्ठ उपाध्यक्ष/उपाध्यक्ष/महासचिव/कोषाध्यक्ष :
वरिष्ठ उपाध्यक्ष/उपाध्यक्ष/महासचिव/कोषाध्यक्ष पदका लागि एक कार्यकाल सचिव, सहकोषाध्यक्ष, प्रदेश अध्यक्ष वा दुई कार्यकाल केन्द्रीय सदस्य रहिसकेका व्यक्तिहरू मात्र उमेदवारीका लागि योग्य हुने छन् ।

ग) सचिव/सहकोषाध्यक्ष : एक कार्यकाल केन्द्रीय सदस्य वा प्रदेश समिति पदाधिकारी भइसकेका व्यक्तिहरू योग्य ठहरिने छन् ।

घ) केन्द्रीय सदस्यहरू : एक कार्यकाल प्रदेश समितिका पदाधिकारी वा जिल्ला अध्यक्ष भइसकेका व्यक्तिहरू मात्र केन्द्रीय समितिको सदस्य हुन योग्य हुने छन् ।

## ४.८ नेसनल प्याब्सनका क्रियाकलापहरूलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन आवश्यक भएमा केन्द्रीय समितिले केन्द्रीय विभाग, उपसमितिहरू गठन गर्न सक्ने छ ।

क) केन्द्रीय विभागमा संयोजकहरू केन्द्रीय सदस्यहरू मध्येबाट र विभागका सदस्यहरू विषय दक्षताका आधारमा आवश्यकता बमोजिम केन्द्रीय समितिको सहमतिले सम्बन्धित समितिको संयोजकले मनोनयन गर्ने छ ।

ख) आवश्यकता अनुसार केन्द्रीय विभागले कार्यविधि बनाई उप-समिति गठन गर्न सक्ने छ ।

ग) केन्द्रीय समितिले महिला विभाग गठन गर्ने छ । उक्त विभागले महिला सशक्तीकरण सम्बन्धी कार्य गर्ने छ ।

# परिच्छेद - ५

## ५.१ प्रदेश अधिवेशन :

क) नेसनल प्याब्सनको विधानमा व्यवस्था भए अनुरूप सम्बन्धित प्रदेशभित्र रहेका सदस्य विद्यालयहरूका प्रतिनिधिहरूको भेलालाई प्रदेश अधिवेशन मानिने छ ।

ख) प्रदेश अधिवेशन बस्नलाई घटीमा ५१ प्रतिशत सदस्य उपस्थित हुनु पर्ने छ ।

ग) प्रदेश अधिवेशनको बैठक बोलाउने र मिति तोक्ने अधिकार केन्द्रीय समितिको समन्वयमा प्रदेश समितिको निर्णय अनुसार हुने छ ।

घ) प्रदेश अधिवेशनमा भाग लिन आउँदा केन्द्रीय समितिबाट प्रमाणित परिचय-पत्र ल्याउनु अनिवार्य हुने छ ।

ङ) प्रदेश अधिवेशनमा केन्द्रीय समितिले खटाएको उक्त प्रदेश बाहिरका कम्तीमा एक केन्द्रीय प्रतिनिधिको अनिवार्य उपस्थित हुनु पर्ने छ ।

च) नेसनल प्याब्सनको विधानको परिधिभित्र रही आफ्ना काम, कर्तव्य र अधिकारको प्रयोग गर्न प्रदेश समिति स्वतन्त्र रहने छ ।

## ५.२ प्रदेश समितिको गठन विधि :

प्रदेश स्तरमा नेसनल प्याब्सनको एक प्रदेश समिति गठन हुने छ। केन्द्रीय समितिको समन्वयमा प्रदेश समितिको पदाधिकारी निर्वाचन पद्धतिद्वारा सम्बन्धित प्रदेशका साधारण सदस्यहरूबाट निर्वाचित गरिने छ। सम्बन्धित प्रदेशका केन्द्रीय समितिबाट प्रमाणित सबै साधारण सदस्यहरू प्रदेश समितिको निर्वाचनमा सहभागिताको निमित्त योग्य हुने छन् । नेसनल प्याब्सनको विकासको निम्ति कार्य सम्पादन गर्न प्रत्यक्ष र मनोनीत गरी देहाय बमोजिम बढीमा १५ सदस्यीय प्रदेश समितिको गठन हुने छ ।

| | | |
|---|---|---|
| अध्यक्ष | : | १ |
| उपाध्यक्ष | : | १ |
| सचिव | : | १ |
| कोषाध्यक्ष | : | १ |
| सदस्य | : | ८ (बढीमा) |
| मनोनीत सदस्य | : | ३ |

(यदि कुनै जिल्लाबाट सदस्यमा प्रतिनिधित्व नभएमा सो जिल्लाबाट प्राथमिकतामा पर्ने गरी प्रदेश अध्यक्षले मनोनयन गर्न सक्ने छन् ।)

* *४०० भन्दा बढी सदस्य विद्यालय भएका प्रदेशमा प्रदेश अधिवेशनले आवश्यकता महसुस गरेमा थप १ उपाध्यक्ष, सह सचिव, सहकोषाध्यक्ष र ३ सदस्य चयन गरी जिम्मेवारी प्रदान गर्न सक्ने छ ।*

## ५.३ प्रदेश समितिको काम, कर्तव्य र अधिकार :

प्रदेश समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) प्रदेश समितिको आम्दानी तथा खर्चको हरहिसाब पारित गर्ने,

ख) केन्द्रीय समितिको बैठकका निर्णयहरूलाई कार्यान्वयन गर्ने,

ग) नियमावलीमा व्यवस्था भए बमोजिमको प्रदेश बैठकको आयोजना गर्ने,

घ) नेसनल प्याब्सनको उद्देश्य अनुरूपका कार्यक्रमहरूका लागि आवश्यक योजना निर्माण गर्ने,

ङ) जिल्ला, प्रदेश र केन्द्रीय समितिहरूका बिच समन्वयकारी भूमिका निर्वाह गर्ने,

च) प्रदेश अन्तर्गतका विद्यालयहरूको समस्या निराकरणको लागि प्रयत्नशील रहने,

छ) प्रदेश अन्तर्गतका विद्यालयहरूको विकास र सम्वर्धनका लागि योजना निर्माण गर्ने,

ज) प्रदेश समितिको पदाधिकारी र सदस्यको निर्वाचन गराउने,

झ) प्रदेश अन्तरगतका जिल्ला समिति विस्तार गर्ने,

ञ) नेपाल सरकारको प्रदेश स्तरको कार्यक्रममा सक्रिय सहभागी भई समन्वयकारी भूमिका निर्वाह गर्ने ।

## ५.४ प्रदेश प्रतिनिधि परिषद् :

क) प्रदेश प्रतिनिधि परिषद् यस विधानमा व्यवस्था भए अनुसार हुने छ ।

ख) प्रदेश प्रतिनिधि परिषद् समितिको कार्यकाल समाप्त हुनुभन्दा १ वर्ष अगाडि नै गरिसक्नु पर्ने छ ।

ग) प्रदेश प्रतिनिधि परिषद्का प्रतिनिधिका लागि प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरू, जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरू र पालिका तहका अध्यक्ष वा संयोजक हुने छन् ।

घ) प्रदेश प्रतिनिधि परिषद् बस्नलाई गणपूरक संख्या ५१ प्रतिशत सदस्य उपस्थित हुनु पर्ने छ ।

ङ) प्रदेश प्रतिनिधि परिषद्को सञ्चालन प्रदेश समितिले गर्ने छ ।

च) प्रदेश प्रतिनिधि परिषद्का प्रतिनिधिहरूले अनिवार्य रूपमा केन्द्रीय समितिबाट प्रमाणित परिचय पत्र ल्याउनु पर्ने छ ।

छ) प्रदेश प्रतिनिधि परिषद् हुनुभन्दा कम्तीमा ३० दिन अगावै प्रदेश समितिले प्रदेश प्रतिनिधि परिषद् हुने स्थान, मिति तथा छलफल हुने विषयहरूको लिखित सूचना विद्युतीय सञ्चार मार्फत सदस्य विद्यालयहरूलाई सम्प्रेषण गराउनु पर्ने छ ।

## ५.५ प्रदेश प्रतिनिधि परिषद्को काम, कर्तव्य र अधिकार :

क) प्रदेश प्रतिनिधि परिषद्मा विद्यालयहरू र शिक्षा विकासमा ठोस योगदान पुऱ्याउने नीति तथा कार्यक्रमहरू प्रस्तुत गरी पारित गर्ने कार्य हुने छ ।

ख) प्रदेश भित्रका विभिन्न जिल्लाहरूमा रहेका विद्यालयहरूको समिति गठन, निर्देशन तथा नियमन गर्ने कार्य प्रदेश समितिको हुने छ ।

ग) प्रदेश समितिको निर्वाचन बाहेक प्रदेश अधिवेशनले गर्ने अन्य कार्यहरू प्रदेश प्रतिनिधि परिषद्का कार्यहरू हुने छन् ।

## ५.६ प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरूको योग्यता :

क) अध्यक्ष : केन्द्रीय सदस्य, प्रदेश उपाध्यक्ष, सचिव वा कोषाध्यक्ष भइसकेको व्यक्ति प्रदेश समितिको अध्यक्षको उमेदवार हुन पाउने छन् ।

ख) अन्य प्रदेश पदाधिकारीहरू : प्रदेश सदस्य वा जिल्ला अध्यक्ष मध्येबाट उमेदवार हुन पाउने छन् ।

ग) प्रदेश सदस्यहरू: जिल्लाका सबै पदाधिकारीहरू तथा पालिकाका अध्यक्ष मध्येबाट उमेदवार हुन पाउने छन् ।

# परिच्छेद - ६

## ६.१ जिल्ला अधिवेशन :

क) नेसनल प्याब्सनको विधान तथा नियमावलीमा व्यवस्था भए अनुरूप सम्बन्धित जिल्लाभित्र रहेका सदस्य विद्यालयहरूका प्रतिनिधिहरूको भेलालाई जिल्ला अधिवेशन मानिने छ ।

ख) जिल्ला अधिवेशन बस्नलाई घटीमा ५१ प्रतिशत सदस्य उपस्थित हुनु पर्ने छ ।

ग) जिल्ला अधिवेशनको बैठक बोलाउने र मिति तोक्ने अधिकार प्रदेश समितिको समन्वयमा जिल्ला समितिको निर्णय अनुसार हुने छ ।

घ) जिल्ला अधिवेशनमा भाग लिन आउँदा केन्द्रीय समितिबाट प्रमाणित परिचय पत्र ल्याउनु अनिवार्य हुने छ ।

ङ) जिल्ला अधिवेशनमा केन्द्रीय समितिले खटाएको केन्द्र तथा प्रदेश समितिका प्रतिनिधिको रोहबरमा सम्बन्धित अधिवेशन सम्पन्न गर्नु पर्ने छ ।

च) नेसनल प्याब्सनको विधानको परिधिभित्र रही आफ्ना काम, कर्तव्य र अधिकारको प्रयोग गर्न जिल्ला समिति स्वतन्त्र रहने छ ।

## ६.२ जिल्ला अधिवेशनको काम, कर्तव्य र अधिकार :

जिल्ला अधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) जिल्ला समितिको आम्दानी तथा खर्चको हरहिसाब पारित गर्ने,

ख) आगामी वर्षको अनुमानित बजेट पारित गर्ने,
ग) बेरुजु सम्बन्धी निर्णय गर्ने,
घ) नेसनल प्याब्सनको उद्देश्य अनुरूपका कार्यक्रमहरूका लागि आवश्यक योजना निर्माण गर्ने,
ङ) प्रदेश समितिको समन्वयमा जिल्ला समिति गठन गर्ने,
च) जिल्ला समितिको पदाधिकारी र सदस्यको निर्वाचन गराउने,
छ) लेखापरीक्षणको प्रतिवेदन केन्द्रीय समितिमा बुझाउने,
ज) नेपाल सरकारको जिल्ला स्तरको कार्यक्रममा सक्रिय सहभागी भई समन्वयकारी भूमिका निर्वाह गर्ने ।

## ६.३ जिल्ला साधारण सभा :

क) जिल्ला साधारण सभा यस विधानमा व्यवस्था भए अनुसार हुने छ ।
ख) जिल्ला साधारण सभा प्रत्येक वर्ष गर्नुपर्ने छ ।
ग) जिल्ला साधारण सभाका प्रतिनिधिका लागि जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरू, पालिका तहका अध्यक्ष वा संयोजक तथा सदस्यहरू र जिल्ला भित्र सञ्चालनमा रहेका सम्पूर्ण सदस्य विद्यालयका प्रतिनिधिहरू ।
घ) जिल्ला साधारण सभा बस्नलाई गणपूरक सङ्ख्या ५१ प्रतिशत सदस्य उपस्थित हुनु पर्ने छ ।
ङ) जिल्ला साधारण सभाको सञ्चालन जिल्ला समितिले गर्ने छ ।
च) जिल्ला साधारण सभाका प्रतिनिधिहरूले अनिवार्य रूपमा केन्द्रीय समितिबाट प्रमाणित परिचय पत्र ल्याउनु पर्ने छ ।
छ) जिल्ला साधारण सभा हुनुभन्दा कम्तीमा १५ दिन अगावै जिल्ला समितिले जिल्ला साधारण सभा हुने स्थान, मिति तथा छलफल हुने विषयहरूको लिखित सूचना बिद्युतीय सञ्चार मार्फत सदस्य विद्यालयहरूलाई सम्प्रेषण गराउनु पर्ने छ ।

## ६.४ जिल्ला साधारण सभा काम, कर्तव्य र अधिकार :

क) जिल्ला साधारण सभामा विद्यालयहरू र शिक्षा विकासमा ठोस योगदान पुऱ्याउने नीति तथा कार्यक्रमहरू प्रस्तुत गरी पारित गर्ने कार्य हुने छ ।
ख) जिल्ला भित्रका विभिन्न स्थानीय तहहरूमा रहेका विद्यालयहरूको समिति गठन, निर्देशन तथा नियमन गर्ने कार्य जिल्ला समितिको हुने छ ।
ग) जिल्ला समितिको निर्वाचनबाहेक जिल्ला अधिवेशनले गर्ने अन्य कार्यहरू जिल्ला साधारण सभाका कार्यहरू हुने छन् ।

## ६.५ जिल्ला समितिको गठनविधि :

जिल्ला स्तरमा नेसनल प्याब्सनको एक जिल्ला समिति गठन हुने छ । जसमा देहाय बमोजिम जिल्ला समितिको पदाधिकारी निर्वाचन पद्धतिद्वारा सम्बन्धित जिल्लाका साधारण सदस्यहरूबाट निर्वाचित गरिने छ । सम्बन्धित जिल्लाका सबै साधारण सदस्यहरू जिल्ला समितिको निर्वाचनमा सहभागीको निमित्त योग्य हुने छन् । नेसनल प्याब्सनको विकासको निम्ति कार्य सम्पादन गर्न प्रत्यक्ष र मनोनीत गरी निम्नानुसार बढीमा १५ सदस्यीय जिल्ला समितिको गठन हुने छ :

| | | |
|---|---|---|
| अध्यक्ष | : | १ |
| उपाध्यक्ष | : | १ |
| सचिव | : | १ |
| कोषाध्यक्ष | : | १ |
| सदस्य | : | ९ (बढीमा) |
| मनोनीत सदस्य | : | २ |

(यदि कुनै पालिकाबाट जिल्ला सदस्यमा प्रतिनिधित्व नभएमा सोबाट प्राथमिकतामा पर्ने गरी जिल्ला अध्यक्षले मनोनयन गर्नसक्ने छन् ।)

** ६५ भन्दा बढी सदस्य विद्यालय भएका जिल्लामा जिल्ला अधिवेशनले आवश्यकता महसुस गरेमा थप १ उपाध्यक्ष, सह सचिव, सहकोषाध्यक्ष र ३ सदस्य चयन गरी जिम्मेवारी प्रदान गर्न सक्ने छ ।*

## ६.६ जिल्ला समितिका पदाधिकारीहरूको योग्यता :

क) अध्यक्ष उमेदवार हुनका लागि २ कार्यकाल जिल्ला समितिमा बसेको व्यक्ति मात्र योग्य हुने छ ।

ख) अन्य पदाधिकारीको हकमा उमेदवार हुन एक कार्यकाल जिल्ला समितिमा बसिसकेको वा पालिका समितिका अध्यक्ष भएका व्यक्तिहरू मात्र योग्य ठहरिने छन् ।

ग) जिल्ला समितिको सदस्यको उमेदवार हुन दुई वर्ष लगातार साधारण सदस्य बनिसकेको वा पालिका पदाधिकारी मात्र योग्य ठहरिने छन् ।

## ६.७ जिल्ला समितिको काम, कर्तव्य र अधिकार :

जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) नेसनल प्याब्सनको विधान, नियम तथा आचार-संहिताको पालना गर्ने र गर्न लगाउने,

ख) नेसनल प्याब्सनको उत्तरोत्तर प्रगति र संवृद्धिका लागि प्रयत्नशील रहने,

ग) जिल्ला समितिको समन्वयमा वढीमा ११ सदस्यीय पालिका समिति गठन गर्ने,

घ) शिक्षण सामग्री निर्माण गर्न प्रयत्नशील हुने,

ङ) शिक्षा विकास तथा शैक्षणिक विकासका लागि सम्भाव्यता अध्ययनमा प्रयत्नशील रहने,

च) विधान, नियम तथा आचार-संहिता उल्लङ्घन गर्ने सदस्य विद्यालयलाई आवश्यक कारबाहीको प्रक्रिया सुरु गर्ने,

छ) स्तरीय गुणात्मक शिक्षा विकासको लागि निरन्तर प्रयत्नरत रहने,

ज) शिक्षा क्षेत्रमा उल्लेखनीय काम गर्ने विद्यालय, विद्यार्थी तथा सरोकारवालालाई पुरस्कृत गरी उत्साह बढाउने,

झ) जिल्लास्तरमा उत्कृष्ट कार्य गर्ने र उल्लेखनीय योगदान पुऱ्याउने शिक्षकलाई पुरस्कृत गर्ने,

ञ) जेहेनदार विद्यार्थीहरूलाई पुरस्कृत गरी उत्साह बढाउने,

ट) केन्द्र तथा प्रदेश समितिको निर्देशनको पालना गर्ने,

ठ) वार्षिक रूपमा केन्द्र तथा प्रदेशलाई बुझाउनु पर्ने शुल्क तोकिएको समयमा बुझाउने,

ड) बैठकमा लगातार बिना पूर्व सूचना तीन पटकसम्म अनुपस्थित पदाधिकारी तथा सदस्यहरूलाई विधान बमोजिम कारबाही गर्ने,

ढ) जिल्ला समितिका पदाधिकारीको पद कुनै कारणवश रिक्त भएमा बाँकी अवधिसम्मको लागि जिल्ला समितिले आफू मध्येबाट उक्त पदमा पदपूर्ति गर्ने,

ण) जिल्ला समितिले अधिवेशन तथा प्रतिनिधि परिषद् बैठक गर्नु ३० दिन अगावै प्रदेश तथा केन्द्रीय समितिलाई अनिवार्य रूपमा जानकारी गराउने,

त) शिक्षण, व्यवस्थापन सम्बन्धी तालिम, सेमिनार, गोष्ठी, शैक्षिक भ्रमण तथा प्रतियोगिताको आयोजना गर्ने,

थ) जिल्ला समितिले आवश्यकतानुसार आफ्नो जिल्लामा रहेका सदस्य विद्यालयहरूलाई पालिका मार्फत निर्देशन दिई विभिन्न क्षेत्रीय इकाइमा विभाजन गरी कार्यक्रमहरू व्यवस्थित रूपमा सञ्चालन एवं समन्वय गर्ने,

द) जिल्ला अध्यक्षले वैठकमा आवश्यकता अनुसार बढीमा २ जनासम्मलाई आमन्त्रण गर्न सक्ने छन् । त्यस्ता सदस्यहरूको मताधिकार हुने छैन,

द) लेखापरीक्षणको प्रतिवेदन प्रदेश समितिमा बुझाउने ।

## ६.८ केन्द्रीय पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार :

### ६.८.१ केन्द्रीय अध्यक्षको काम, कर्तव्य र अधिकार :

अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) नेसनल प्याब्सनको सम्पूर्ण काम कारबाहीको रेखदेख गर्ने,
ख) बैठक सञ्चालन गर्ने,
ग) सम्बन्धित अधिवेशन वा बैठकको अध्यक्षता ग्रहण गर्ने,
घ) नेसनल प्याब्सनका समितिहरू सुचारु रूपले सञ्चालन गर्ने,
ङ) सदस्यहरूलाई निर्देशन र सल्लाह दिने,
च) राष्ट्रिय प्रतिनिधि परिषद् र राष्ट्रिय महाधिवेशन दिएको निर्देशन कार्यान्वयन गर्ने,गराउने,
छ) नेसनल प्याब्सनको तर्फबाट प्रतिनिधित्व गर्ने,
ज) बैठकमा निर्णायक भूमिका खेल्ने,
झ) बैठकमा मत विभाजन भएमा बहुमतको निर्णयलाई मान्यता दिने,
ञ) मत बराबर भएमा निर्णायक मत दिने,
ट) समिति नबसेको अवस्थामा कुनै कार्य गर्न आवश्यक देखिएमा सो गरी आगामी बैठकमा अनुमोदनका लागि पेस गर्ने,
ठ) केन्द्रीय अध्यक्षले एसोसिएसनको झण्डा आफ्नो गाडीमा राखेर घुमफिर गर्न सक्ने छ,

## ६.८.२ वरिष्ठ उपाध्यक्ष/उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

वरिष्ठ उपाध्यक्ष/उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको सम्पूर्ण कार्यभार सम्हाल्ने र अध्यक्षको कार्यमा सहयोग गर्ने ।
ख) नेसनल प्याब्सनको वृहत्तर हितको लागि योजना तथा कार्यक्रमहरू निर्माण गरी कार्यान्वयनका लागि अध्यक्षलाई सहयोग पुऱ्याउने ।

## ६.८.३ महासचिवको काम, कर्तव्य र अधिकार :

महासचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) नेसनल प्याब्सनको कार्यालय सुचारु रूपले सञ्चालन गर्ने, सचिवालयको नेतृत्व गर्ने, केन्द्रीय कार्यालयको व्यवस्थापन र प्रशासन गर्ने,
ख) बैठक एजेण्डाहरू तयार पार्ने,
ग) अध्यक्षको अनुमति लिई बैठक बोलाउने, माइन्युट राख्ने र पारित निर्णयहरू कार्यान्वयन गर्ने गराउने,
घ) गत अधिवेशनका सदस्य सङ्ख्या बहुमत सदस्यहरूको लिखित अनुरोध भई आएमा विशेष महाधिवेशनको प्रस्ताव केन्द्रीय समितिको बैठकमा पेस गर्ने,
ङ) राष्ट्रिय प्रतिनिधि परिषद् तथा राष्ट्रिय महाधिवेशनमा वार्षिक प्रतिवेदन पेस गर्ने,
च) सचिवहरूको बिचमा समन्वयको भूमिका निर्वाह गर्ने,
छ) भावी नीति तथा कार्यक्रमहरू अध्यक्षसँग सल्लाह गरी बैठकमा पेस गर्ने ।

### ६.८.४ कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) सम्पूर्ण कारोबार ठिक तरिकाले सञ्चालन गर्ने र अभिलेख राख्ने,

ख) प्रत्येक हिसाब-किताब समय समयमा समितिलाई जानकारी गराउने, अधिवेशन र महाधिवेशनमा लेखापरीक्षकले दिएको आय-व्ययको प्रतिवेदन पेस गर्ने,

ग) प्रत्येक वर्ष जिल्ला समितिहरूबाट वार्षिक लेखापरीक्षण गराएको प्रतिवेदन माग गरी अद्यावधिक गर्ने,

घ) साधारण सदस्यबाट प्राप्त हुने विभिन्न शुल्क आम्दानी खर्चको विधिपूर्वक अभिलेख राख्ने, उठ्न बाँकी शुल्क समयमा उठाउने र सो सम्बन्धी प्रत्येक छलफलमा जानकारी गराउने,

ङ) नेसनल प्याब्सनको चल-अचल सम्पत्तिको विवरण राख्ने,

च) एसोसिएसनलाई आर्थिक रूपले दरिलो बनाउन आर्थिक नेतृत्व दिने,

छ) आर्थिक समितिको नेतृत्व गर्ने ।

### ६.८.५ सचिवको काम, कर्तव्य र अधिकार :

सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) महासचिवलाई साङ्गठनिक र प्रशासनिक कार्यमा सहयोग गर्ने ।

### ६.८.६ सह-कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

सह-कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) कोषाध्यक्षलाई आर्थिक क्रियाकलापमा सहयोग पुऱ्याउने,

ख) लेखा व्यवस्थापन गर्ने,

ग) कोषाध्यक्षको अनुपस्थितिमा कोषाध्यक्षले गरी आएका कार्यहरू गर्ने ।

### ६.८.७ केन्द्रीय सदस्यहरूको काम, कर्तव्य र अधिकार :

केन्द्रीय सदस्यहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) हरेक बैठमा नियमित रूपमा सक्रियताका साथ भाग लिई निर्णायक भूमिका खेल्नु पर्ने,

ख) बैठकमा पारित भएका निर्णयहरू कार्यन्वयन गर्न सक्रिय रहने,

ग) प्रदेश अध्यक्ष तथा केन्द्रीय उपाध्यक्षहरूसँग सम्पर्क राखी आफ्ना क्षेत्रहरूमा आवश्यक कार्यहरू गर्ने,

घ) केन्द्रीय समितिको निर्णयको पालन गर्ने र गर्न लगाउने ।

### ६.८.८ प्रदेश अध्यक्षको काम, कर्तव्य र अधिकार :

प्रदेश अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) प्रदेश भित्रको नेसनल प्याब्सनको काम कारबाहीको रेखदेख गर्ने,

ख) प्रदेश समितिको बैठक सञ्चालन गर्ने,

ग) प्रदेश अधिवेशनले दिएको निर्देशन कार्यान्वयन गर्ने गराउने,

घ) कार्यक्रमहरूमा नेसनल प्याब्सनको तर्फबाट प्रतिनिधित्व गर्ने,

ङ) प्रदेश समिति नबसेको अवस्थामा यस संस्थासँग सम्बन्धित कुनै कार्य गर्न आवश्यक देखिएमा सो गरी आगामी बैठकमा अनुमोदनको लागि पेस गर्ने,

### ६.८.९ प्रदेश उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

प्रदेश उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) अध्यक्षको अनुपस्थितिमा नेसनल प्याब्सनको सम्पूर्ण कार्यभार सम्हाल्ने,

ख) प्रदेश स्तरका भेला, गोष्ठी, तालिम तथा अन्य क्रियाकलापहरू संयोजन, सञ्चालन गर्ने ।

### ६.८.१० प्रदेश सचिवको काम, कर्तव्य र अधिकार :

प्रदेश सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) प्रदेश समितिको कार्यालय सुचारु रूपले सञ्चालन गर्ने,

ख) प्रदेश समितिका बैठकका एजेन्डाहरू तयार पार्ने,

ग) प्रदेश अधिवेशनमा प्रतिवेदनहरू पेस गर्ने,

घ) प्रदेश समितिको लागि नीति तथा कार्यक्रमहरू बैठकमा पेस गर्ने ।

### ६.८.११ प्रदेश कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

प्रदेश कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) प्रदेश समितिको आर्थिक कारोबार ठिक तरिकाले सञ्चालन गर्ने र अभिलेख राख्ने,

ख) प्रदेश समितिको हिसाब-किताब समयमा समितिलाई जानकारी गराउने, अधिवेशनमा लेखापरीक्षकले दिएको आय-व्ययको प्रतिवेदन पेस गर्ने र केन्द्रमा पठाउने,

ग) साधारण सदस्यबाट प्राप्त हुने विभिन्न शुल्क तथा आम्दानी खर्चका अभिलेख विधिपूर्वक राख्ने, उठ्न बाँकी शुल्क समयमा उठाउने र सो सम्बन्धी जानकारी प्रदेश समितिका प्रत्येक बैठकमा गराउने साथै केन्द्रमा पठाउने,

घ) प्रदेश समितिलाई आर्थिक रूपले दरिलो बनाउन आर्थिक नेतृत्व दिने ।

### ६.८.१२ प्रदेश सदस्यको काम, कर्तव्य र अधिकार :

प्रदेश सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) प्रदेश समितिका सदस्यहरूले हरेक बैठकमा नियमित रूपमा सक्रियताका साथ भाग लिई निर्णायक भूमिका खेल्नु पर्ने,

ख) प्रदेश अध्यक्ष तथा सचिवसँग सम्पर्क राखी आफ्ना क्षेत्रहरूमा आवश्यक कार्यहरू गर्ने,

ग) समय-समयमा हुने नेसनल प्याब्सनका विविध कार्यमा सहयोग पुऱ्याउने ।

### ६.८.१३ जिल्ला अध्यक्षको काम, कर्तव्य र अधिकार :

जिल्ला अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) जिल्ला भित्रको नेसनल प्याब्सनको काम कारबाहीको रेखदेख गर्ने,

ख) जिल्ला समितिको बैठक सञ्चालन गर्ने,

ग) सम्बन्धित अधिवेशन वा बैठकको अध्यक्षता ग्रहण गर्ने,

घ) सदस्यहरूलाई आवश्यक निर्देशन दिने र सल्लाह लिने,

ङ) जिल्ला अधिवेशनले दिएको निर्देशन कार्यान्वयन गर्ने गराउने,

च) नेसनल प्याब्सनको तर्फबाट प्रतिनिधित्व गर्ने,

छ) निर्णायक मत दिने,

ज) जिल्ला समिति नबसेको अवस्थामा कुनै कार्य गर्न आवश्यक देखिएमा सो गरी आगामी बैठकमा अनुमोदनको लागि पेस गर्ने,

### ६.८.१४ जिल्ला उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

जिल्ला उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) अध्यक्षको अनुपस्थितिमा नेसनल प्याब्सनको सम्पूर्ण कार्यभार सम्हाल्ने,

ख) अध्यक्षको काम कारबाहीमा सहयोग पुऱ्याउने, सल्लाह दिने,

ग) जिल्ला स्तरका भेला, गोष्ठी, तालिम तथा अन्य क्रियाकलापहरू अध्यक्षको अनुमतिमा संयोजन, सञ्चालन गर्ने ।

### ६.८.१५ जिल्ला सचिवको काम, कर्तव्य र अधिकार :

जिल्ला सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) जिल्ला समितिको कार्यालय सुचारु रूपले सञ्चालन गर्ने,

ख) जिल्ला समितिका बैठकका एजेन्डाहरू तयार पार्ने,

ग) अध्यक्षको अनुमति लिई बैठक बोलाउने, माइन्युट राख्ने र पारित निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

घ) जिल्ला अधिवेशनमा प्रतिवेदनहरू पेस गर्ने,

ङ) जिल्ला समितिको लागि नीति तथा कार्यक्रमहरू बैठकमा पेस गर्ने ।

### ६.८.१६ जिल्ला कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

जिल्ला कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) जिल्ला समितिको आर्थिक कारोबार ठिक तरिकाले सञ्चालन गर्ने र अभिलेख राख्ने,

ख) जिल्ला समितिको हिसाब किताब समयमा समितिलाई जानकारी गराउने, अधिवेशनमा लेखापरीक्षकले दिएको आय-व्ययको प्रतिवेदन पेस गर्ने र स्वीकृत प्रतिवेदन केन्द्रमा पठाउने,

ग) साधारण सदस्यबाट प्राप्त हुने विभिन्न शुल्क तथा आम्दानी खर्चका अभिलेख विधि पूर्वक राख्ने, उठ्न बाँकी शुल्क समयमा उठाउने र सो सम्बन्धी जानकारी जिल्ला समितिका प्रत्येक बैठकमा गराउने,

घ) नेसनल प्याब्सनको चल-अचल सम्पत्तिको जिम्मा लिने र संरक्षण, प्रवर्धन गर्ने र केन्द्रमा विवरणको एक प्रति बुझाउने,

ङ) जिल्ला समितिलाई आर्थिक रूपले दरिलो बनाउन आर्थिक नेतृत्व दिने ।

### ६.८.१७ जिल्ला सदस्यको काम, कर्तव्य र अधिकार :

जिल्ला सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) जिल्ला समितिका सदस्यहरूले हरेक बैठकमा नियमित रूपमा सक्रियताका साथ भाग लिई निर्णायक भूमिका खेल्ने,

ख) बैठकमा पारित भएका निर्णयहरू कार्यान्वयन गर्न सक्रिय रहने,

ग) जिल्ला अध्यक्ष तथा सचिवसँग सम्पर्क राखी आफ्ना क्षेत्रहरूमा आवश्यक कार्यहरू गर्ने,

घ) नेसनल प्याब्सनका विभिन्न कार्यमा सहयोग पुऱ्याउने ।

## परिच्छेद - ७

### ७.१ प्रतिनिधि परिषद्/अधिवेशन/ साधारण सभाका प्रक्रिया सम्बन्धी व्यवस्था :

क) नेसनल प्याब्सनको राष्ट्रिय प्रतिनिधि परिषद् केन्द्रीय समितिले आफ्नो कार्यकालमा महाधिवेशन नभएको वर्ष बोलाउनु पर्ने छ ।

ख) प्रदेश/ जिल्ला अधिवेशन सम्बन्धित प्रदेश, जिल्लाले प्रत्येक तीन वर्ष भित्रमा बोलाउनु पर्ने छ ।

ग) प्रदेश प्रतिनिधि परिषद् प्रदेश अधिवेशन नभएको वर्ष हुने छ ।

घ) सम्बन्धित समितिले अधिवेशन, प्रतिनिधि परिषद् बोलाउँदा स्थान, मिति र छलफलका विषयहरूसमेत उल्लेख गरी कम्तीमा ३० दिन अगावै (जिल्ला तथा

स्थानीय समितिको हकमा १५ दिन) सम्बन्धित सदस्यहरूलाई लिखित सूचना विद्युतीय सञ्चार (केन्द्रको हकमा राष्ट्रिय दैनिकमा समेत) मार्फत जानकारी दिनु पर्ने छ ।

ङ) सम्बन्धित अधिवेशन कम्तीमा ५१ प्रतिशत सदस्यहरूको उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिने छ ।

च) उप दफा 'ङ' बमोजिम गणपूरक सङ्ख्या नपुगेको अवस्थामा १५ दिनको समय दिई दोस्रो पटक अधिवेशन/प्रतिनिधि परिषद् बोलाउनु पर्ने छ । दोस्रो पटक उपस्थित सङ्ख्यालाई नै गणपूरक सङ्ख्या पुगेको मानिने छ ।

छ) प्रदेश प्रतिनिधि परिषद्मा प्रदेश पदाधिकारी तथा सदस्यहरू, जिल्ला पदाधिकारी तथा सदस्यहरू र पालिका समितिका अध्यक्ष सहभागी हुने छन् ।

ज) जिल्ला साधारण सभामा जिल्लाका सम्पूर्ण साधारण सदस्यहरू सहभागी हुने छन् ।

## ७.२ राष्ट्रिय प्रतिनिधि परिषद् सम्बन्धी व्यवस्था, गठन काम, कर्तव्य र अधिकार :

क) राष्ट्रिय प्रतिनिधि परिषद्मा केन्द्रीय समितिका सबै पदाधिकारी तथा सदस्यहरू, केन्द्रीय विभागका सबै पदाधिकारी तथा सदस्यहरू, प्रदेश समितिका सबै पदाधिकारीहरू, जिल्ला समितिका सबै पदाधिकारी, स्थानीय निकायका अध्यक्ष/संयोजकहरू सहभागी रहने छन् ।

ख) राष्ट्रिय प्रतिनिधि परिषद्को अध्यक्षता नेसनल प्याब्सनका केन्द्रीय अध्यक्ष तथा सचिवको जिम्मेवारी केन्द्रीय महासचिवको रहने छ ।

ग) राष्ट्रिय महाधिवेशन नबसेको अवस्थामा राष्ट्रिय प्रतिनिधि परिषद् सर्वोच्च अङ्ग हुने छ ।

घ) राष्ट्रिय प्रतिनिधि परिषद्को बैठक राष्ट्रिय महाधिवेशन नबसेको वर्षमा बस्ने छ। सो बैठकको सञ्चालन केन्द्रीय कार्य समितिले गर्ने छ ।

ङ) राष्ट्रिय महाधिवेशन नबसेको अवस्थामा उनीहरूले प्रयोग गर्ने काम, कर्तव्य र अधिकार राष्ट्रिय प्रतिनिधि परिषद्को हुने छ ।

## ७.३ विशेष महाधिवेशन/अधिवेशन सम्बन्धी व्यवस्था :

नेसनल प्याब्सनको सम्बन्धित अधिवेशनका २५% साधारण सदस्यहरूले कारण खुलाई लिखित रूपमा विशेष महाधिवेशन, अधिवेशन बोलाउन सम्बन्धित समितिलाई अनुरोध गरेमा वा समितिका दुई-तिहाइ सदस्यहरूले कारण खुलाई विशेष महाधिवेशन, अधिवेशन बोलाउने भनी निर्णय गरेमा एक महिना भित्रमा विशेष महाधिवेशन अधिवेशन सम्बन्धित समितिले बोलाउनु पर्ने छ ।

## ७.४ माइन्युट राख्नुपर्ने :

महाधिवेशन, राष्ट्रिय प्रतिनिधि परिषद्, अधिवेशनमा भएको काम कारबाहीको विषयमा माइन्युट तयार गरी अध्यक्षता गर्ने व्यक्ति र महाधिवेशन, राष्ट्रिय प्रतिनिधि परिषद्, अधिवेशनमा उपस्थित कम्तीमा दुई जना सदस्यहरूद्वारा प्रमाणित गराई केन्द्रीय समितिको महासचिव, प्रदेश, जिल्ला तथा पालिकामा सचिवले अद्यावधिक गराई राख्नु पर्ने छ ।

## ७.५ निर्णयको जानकारी दिनु पर्ने :

नेसनल प्याब्सनका महाधिवेशन, राष्ट्रिय प्रतिनिधि परिषद्, अधिवेशनमा भएका निर्णयहरूको जानकारी सम्बन्धित समिति मार्फत सदस्य विद्यालयहरूलाई दिनु पर्ने छ ।

## ७.६ प्रस्तावहरु :

नेसनल प्याब्सनको विधान संशोधन सम्बन्धी प्रस्तावहरू राष्ट्रिय प्रतिनिधि परिषद् र महाधिवेशनमा मात्र पेस गर्न सकिने छ ।

## ७.७ समितिको बैठक र निर्णय :

क) नेसनल प्याब्सनको केन्द्रीय समितिको नियमित बैठक कम्तीमा वर्षमा तीन पटक, प्रदेश समितिको तीन पटक, जिल्ला समितिको बैठक कम्तीमा २ महिनामा एक पटक र प्रत्येक महिनामा बस्ने छ तर अध्यक्षले आवश्यकता महसुस गरेमा जुनसुकै समयमा पनि आकस्मिक बैठक बोलाउन सक्ने छ ।

ख) समितिका २५ प्रतिशत सदस्यहरूले लिखित रूपमा कारण खोली बैठक बोलाउन अध्यक्ष समक्ष अनुरोध गरेमा केन्द्रीय समितिको हकमा ३० दिन र प्रदेश, जिल्ला समितिको हकमा १५ दिनभित्र तथा पालिका समितिको हकमा एक हप्ताभित्र अनिवार्य रूपमा बैठक बोलाउनु पर्ने छ ।

ग) अध्यक्षको अनुमति लिई बैठक बस्ने मिति, समय, स्थान र छलफलका विषयहरू तोकी केन्द्रीय समितिको हकमा महासचिवले र प्रदेश, जिल्ला, पालिका समितिको हकमा सचिवले बैठक बोलाउने छन् ।

घ) बैठकको अध्यक्षता सम्बन्धित समितिका अध्यक्षले गर्ने छन् । निजको अनुपस्थितिमा वरिष्ठ उपाध्यक्ष वा उपाध्यक्षले र दुवै जनाको अनुपस्थितिमा सदस्यहरूले आफू मध्येबाट ज्येष्ठताको आधरमाा छानिएको एक जना व्यक्तिले बैठकको अध्यक्षता गर्ने छ ।

ङ) बैठकमा भएका निर्णय अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गराई केन्द्रीय समितिको हकमा महासचिवले र प्रदेश, जिल्ला, पालिका तह समितिको हकमा सचिवले अद्यावधिक गराई माइन्युट तयार गरी राख्नु पर्ने छ ।

# परिच्छेद - ८

## ८.१ आर्थिक स्रोत :

क) नेसनल प्याब्सनको आफ्नो छुट्टै कोष हुने छ ।

ख) नेसनल प्याब्सनले विद्यालयहरूको चौतर्फी विकासको लागि एउटा "राष्ट्रिय विद्यालय विकास कोष" खडा गर्न सक्ने छ । उक्त कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धी समितिको निर्माण केन्द्रीय समितिको बैठकले गर्न सक्ने छ ।

ग) महाधिवेशन तथा अधिवेशन सम्पन्न भई नयाँ समिति गठन हुँदा पुरानो समितिको कुनै पनि आर्थिक दायित्व नयाँ समितिलाई हस्तान्तरण गर्न पाइने छैन ।

घ) नेसनल प्याब्सनको नाममा राष्ट्रिय मान्यता प्राप्त कुनै बैंकमा खाता खोलिने छ । उक्त खाता सञ्चालनमा समितिका कोषाध्यक्षको हस्ताक्षर अनिवार्य रहने, अध्यक्ष र महासचिव/सचिवमध्ये कुनै एक जनाको हस्ताक्षर रहने गरी जम्मा दुई जनाको हस्ताक्षरबाट मात्र बैङ्किङ कारोबार गरिने छ ।

ङ) नेसनल प्याब्सनको सदस्यता प्रवेश शुल्क तथा नवीकरण शुल्क नेसनल प्याब्सनको आम्दानी मानिने छ ।

च) नेसनल प्याब्सनको सदस्यता प्रवेश शुल्क तथा नवीकरण शुल्कको २० प्रतिशत रकम पालिका, ३० प्रतिशत जिल्ला, २० प्रतिशत प्रदेश र ३० प्रतिशत केन्द्रीय समितिका लागि आम्दानी हुने छ ।

## ८.२ चल-अचल सम्पत्तिको विवरण :

क) परिच्छेद ८ को ८.१ (ङ) बमोजिम प्राप्त हुने रकम, नेपाल सरकार वा देश विदेशका कुनै संघ संस्था वा व्यक्तिबाट प्राप्त भौतिक सहायता, दान दातव्य, चन्दा, उपहार आदि जुनसुकै नगदी वा जिन्सी सामान नेसनल प्याब्सनको चल-अचल सम्पत्ति हुने छ ।

ख) कोषाध्यक्षले नेसनल प्याब्सनको हिसाब-किताब दुरुस्त राख्नु पर्ने छ । साथै, आय-व्ययको लेखापरीक्षण प्रतिवेदन वार्षिक राष्ट्रिय अधिवेशन तथा राष्ट्रिय महाधिवेशनमा वा प्रदेश, जिल्ला, पालिका समिति अधिवेशनमा प्रस्तुत गर्नु पर्ने छ ।

ग) नेसनल प्याब्सनको सदस्यता प्राप्तिका लागि केन्द्रीय समितिले तोकेको सदस्यता शुल्क र वार्षिक शुल्क सम्बन्धित जिल्ला समिति मार्फत बुझाउन पर्ने छ ।

घ) प्राप्त सदस्यता शुल्क र वार्षिक शुल्क सम्बन्धित जिल्ला समितिले तोकिए बमोजिम प्रदश समिति र केन्द्रिय समितिलाई असार मसान्त भित्रमा बुझाउनु पर्ने छ ।

## ८.३ लेखा र लेखापरीक्षण :

क) नेसनल प्याब्सनको आर्थिक कारोबारको लेखा दोहोरो लेखा प्रणाली **(Double Entry System)** बमोजिम राखिने छ ।

ख) नेसनल प्याब्सनका सम्बन्धित समितिहरूले प्रत्येक आर्थिक वर्ष अन्त्य भएको तीन महिनाभित्रमा लेखापरीक्षण गराउनु पर्ने छ । साथै, लेखापरीक्षण प्रतिवेदन सम्बन्धित समितिको अधिवेशन/महाधिवेशनमा प्रस्तुत गरी पारित गराउनु पर्ने छ ।

# परिच्छेद - ९

## ९.१ विविध :

निर्वाचन सम्बन्धी व्यवस्था

क) प्रदेश/जिल्ला/पालिका/समिति र केन्द्रीय समितिले आ-आफ्नो प्रयोजनका लागि चुनावमा भाग नलिने तीन सदस्यीय निर्वाचन समिति तोक्ने छन् । प्रदेश/जिल्ला/पालिकाका निम्ति तोकिएको निर्वाचन समितिले प्रदेश/जिल्ला/पालिका तह समितिको चुनाव प्रदेश/जिल्ला/पालिका तह अधिवेशन हुने समयमा तथा केन्द्रको निम्ति तोकिएको निर्वाचन समितिले केन्द्रीय महाधिवेशन हुने समयमा केन्द्रीय समितिको निर्वाचनको प्रबन्ध मिलाउनु पर्ने छ । निर्वाचनको कार्यविधि नियमावलीमा तोकिए बमोजिम हुने छ ।

ख) तोकिएको समयमा कारणवश विधानको परिच्छेद ९.१(क) बमोजिम निर्वाचन हुन नसकेमा तत्कालीन सम्बन्धित समितिले नै अर्को चुनाव नभएसम्म काम गर्ने छ र ६ महिनाभित्र अर्को निर्वाचन सम्पन्न गराउनु पर्ने छ । ६ महिनासम्म पनि उक्त समितिले निर्वाचन सम्पन्न गराउन नसकेमा महाधिवेशन आयोजक समितिले केन्द्रीय समितिको सम्पूर्ण कार्यभार ग्रहण गरी ३ महिनाभित्र निर्वाचन समेत सम्पन्न गराउने छ ।

ग) केन्द्रीय समितिले ९.१ ख अनुसारको राष्ट्रिय महाधिवेशन आयोजक समितिको गठन देहाय बमोजिम गर्नेछ :

| | |
|---|---|
| संयोजक, (वर्तमान अध्यक्ष) | १ |
| सदस्य, (मौजुदा समिति) | २ |
| सल्लाहकार | १ |
| निवर्तमान सदस्य | १ |

प्रदेश, जिल्ला, पालिका समितिको निर्वाचन सम्पन्न हुन नसकेमा मातहतका समितिलाई माथिल्लो समितिले उपयुक्त ठहर गरेमा पालिकामा १ महिना

जिल्ला र प्रदेशमा २ महिनाभित्र निर्वाचन गराउने दायित्व प्रदान गर्न सक्दछ। उक्त तोकिएको समयमा कारणवश उक्त समितिले निर्वाचन गर्न नसकेमा पालिका समितिको हकमा जिल्ला समितिले जिल्लाको हकमा प्रदेश समितिले प्रदेशको हकमा केन्द्रीय समितिले मौजुदा समिति भङ्ग गरी ३ महिनाभित्र निर्वाचन सम्पन्न गराउनु पर्ने छ।

घ) निर्वाचन समितिले आवश्यक ठानेमा कानुन व्यवसायीको सहयोग लिई निर्वाचन सम्पन्न गर्न सक्ने छ।

## ९.२ अविश्वासको प्रस्ताव :

केन्द/ प्रदेश/ जिल्ला वा पालिकामा अधिवेशन प्रतिनिधि सदस्यहरूको बहुमतले लिखित रूपमा हस्ताक्षर गरी अध्यक्षप्रति अविश्वासको प्रस्ताव पेस गरेमा सो पत्र प्राप्त भएको एक महिनाभित्र विशेष महाधिवेशन, जिल्ला अधिवेशन सदस्य सङ्ख्याको दुई तिहाइ सदस्यले समर्थन गरेमा अविश्वासको प्रस्ताव पारित भएको मानिने छ। अन्यथा सो अविश्वासको प्रस्ताव स्वतः रद्द भएको मानिने छ।

## ९.३ विधान संशोधनसम्बन्धी व्यवस्था :

क) यस विधानलाई राष्ट्रिय महाधिवेशन तथा राष्ट्रिय प्रतिनिधि परिषद्ले मात्र संशोधन गर्न सक्ने छ।

ख) विधान संशोधन प्रस्ताव कुनै सदस्यले विशेष प्रस्तावको रूपमा ल्याउन सक्ने छ र उक्त प्रस्तावबारे निर्णय गर्न केन्द्रीय समितिले राष्ट्रिय प्रतिनिधि परिषद्मा तथा महाधिवेशनमा पेस गर्नु पर्ने छ।

ग) प्रस्तावित संशोधित विधान राष्ट्रिय प्रतिनिधि परिषद् वा महाधिवेशनमा उपस्थित सदस्यहरूको दुई तिहाइ मतद्वारा पारित हुनु पर्ने छ।

## ९.४ नियमावली बनाउने तथा व्याख्या गर्ने अधिकार :

क) नियमावली तथा निर्देशिका बनाउने अधिकार केन्द्रीय समितिलाई रहने छ।

ख) नियमावलीको व्याख्या गर्ने अधिकार केन्द्रीय समितिमा रहने छ।

ग) यो विधान बमोजिम व्यवस्था भएको, गरिएको (पदहरूको, कार्यहरूको समायोजन) गर्न आवश्यक ठानिएमा सोको समायोजन केन्द्रीय समितिको बैठकले तत्काल लागु गर्न सक्ने छ।

## ९.५ अन्य कार्यहरू :

- पिछडिएका, दलित तथा जनजातिका क्षेत्रमा सामाजिक कार्य गर्ने।
- फरक क्षमता भएका बालबालिका तथा तिनका अभिभावकका लागि कार्य गर्ने।

## ९.६ सल्लाहकार समितिको व्यवस्था :

सबै समितिहरूले समितिको निर्णय गरी सल्लाहकार मनोनयन गर्न सक्ने छन् । सम्बन्धित समितिहरूले विज्ञ, आसन्न अधिवेशन/महाधिवेशनमा उमेदवार नबन्ने वरिष्ठ व्यक्तिहरू मध्येबाट सल्लाहकार मनोनयन गर्न सक्ने छन् ।

## ९.७ राजीनामा र स्वीकृति :

केन्द्र/प्रदेश/जिल्ला र पालिका समितिका अध्यक्षले समिति समक्ष र अन्य पदाधिकारी तथा सदस्यहरूले अध्यक्ष समक्ष राजीनामा पेस गर्न सक्ने छन् । जुन निकायमा राजीनामा पेस गरेको हो सोही निकायको समितिको बहुमतको निर्णय अनुसार राजीनामा स्वीकृत वा अस्वीकृत गर्न सक्ने छ ।

क) अध्यक्षको राजीनामा स्वीकृत भएमा वा अन्य कारणवश पद रिक्त भएमा केन्द्रीय समितिका हकमा वरिष्ठ उपाध्यक्षले कार्यबाहक अध्यक्षको रूपमा पदभार सम्हाल्ने छन् ।

ख) प्रदेश र जिल्ला समितिका हकमा उपाध्यक्षले कार्यबाहक अध्यक्षको पद सम्हाल्ने छन् ।

ग) पालिका समितिका हकमा सचिवले कार्यबाहक अध्यक्षको पद सम्हाल्ने छन् ।

## ९.८ कार्य सम्पादन समितिको निर्माण :

क) केन्द्रीय समितिले नेसनल प्याब्सनको कामलाई सरल र व्यवस्थित गर्न एक केन्द्रीय कार्य सम्पादन समितिको निर्माण गर्न सक्ने छ । केन्द्रीय समितिका अध्यक्ष र महासचिवको सहमतिमा उपलब्ध पदाधिकारीहरू मध्येबाट केन्द्रीय समितिबाट अनुमोदन गर्ने गरी ५ सदस्यीय कार्यसम्पादन समिति गठन गरिने छ । साथै, केन्द्रीय समितिले प्रत्यायोजन गरेका अधिकारहरू कार्य सम्पादन समितिले कार्यान्वयन गर्न सक्ने छ ।

ख) प्रदेश, जिल्ला र पालिका समितिको हकमा पदाधिकारी तथा सदस्यहरू मध्येबाट बढीमा ५ जना सम्मको कार्य सम्पादन समिति हुन सक्ने छ ।

## ९.९ संस्थाको छाप

नेसनल प्याब्सनको छाप (चिन्ह): गोलो घेराभित्र सरस्वती चिन्ह (षट्कोण) राखी चिन्हभित्र पुस्तक, कलम र बलेको दियोसहित नेपालको नक्सा अङ्कित नेसनल प्याब्सनको छाप (चिन्ह) हुने छ ।

## ९.१०संस्थाको झण्डा

नेसनल प्याब्सनको झण्डा: निलो भुइँमा षट्कोणभित्र पुस्तक, कलम र बलेको दियो अङ्कित ५ x ३ साइजमा नेसनल प्याब्सनको झण्डा हुने छ ।

## ९.११ विविध :

क) शिक्षण पेशा बाहेक पूर्णकालिन रुपमा सरकारी तलब भत्ता तथा अन्य सुविधा लिने व्यक्ति निर्वाचनमा उमेदवार हुन पाउने छैनन् ।

ख) निर्वाचित जनप्रतिनिधि कुनै पनि तहको समितिमा बस्न योग्य हुने छैनन् ।

ग) यस संस्थासँग समान प्रकृतिका संस्थामा कुनै पद धारण गरेका व्यक्ति कुनै पनि तहको समितिमा बस्न योग्य हुने छैनन् ।

घ) कुनै पनि समितिका पदाधिकारी वा सदस्यले विद्यालय छाडी आफ्नो पदबाट राजीनामा नदिएको अवस्थामा आसन्न अधिवेशन/महाधिवेशनसम्म निजको पद कायमै रहने छ ।

ङ) नेसनल प्याब्सनको कुनै पनि समितिमा रहेका व्यक्तिले एक पद मात्र धारण गर्न सक्ने छन् ।

च) नेसनल प्याब्सनका पूर्व समितिहरूमा रहेका व्यक्तिहरू सम्बन्धित समितिमा मानार्थ सदस्य रहन सक्ने छन् ।

छ) नेसनल प्याब्सनका सबै समितिहरुमा पदाधिकारी संख्या भन्दा सदस्य संख्या बढी हुनु पर्नेछ ।

ज) नेसनल प्याब्सनको विभिन्न समितिहरूमा महिला सहभागिता बढाउन महिलाहरूलाई विशेष प्राथमिकता दिइनेछ ।

## ९.१२ यस विधानमा लेखिएका कुनै कुरा प्रचलित नेपाल कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुने छ ।

# सपथ

म ............................................ नेसनल प्याब्सनको .......................पदमा

मिति..................................मासम्पन्न.........................बाट....................पदको गरिमामय पदमा आगामी ३ वर्षको लागि निर्वाचित भएकोले राष्ट्र, राष्ट्रियता, सार्वभौमिकता, राष्ट्रिय एकताप्रति समर्पित भई लगानीकर्ताहरूको लगानी तथा स्वामित्व सम्बन्धी अधिकार को सुरक्षा गर्न, लगानीकर्ताहरूको स्वामित्व हस्तान्तरण हुँदै जाने अधिकार सुरक्षण गर्न, एवं लगानीकर्ता, प्रिन्सिपल (प्र.अ.), शिक्षक, कर्मचारी, विद्यार्थी एवं अभिभावकहरूको हक, हित तथा चौतर्फी विकासको लागि बालबालिकाहरूलाई प्राथमिकतामा राखी गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि नेसनल प्याब्सनको विधानमा व्यवस्था गरिएका कार्यहरू इमानदारीका साथ सम्पादन गर्नुका साथै नेसनल प्याब्सनको गोपनियता हरहालतमा भङ्ग गर्ने छैन भनी ईश्वर का नाममा सपथ लिन्छु ।

सपथ गराउने :

नामः..................................

पदः..................................

मितिः..................................

सपथ ग्रहण गर्ने :

नामः..................................

पदः..................................

मितिः..................................

# मर्यादाक्रम

१. अध्यक्ष
२. पूर्व अध्यक्षहरू, संस्थापकहरू
३. वरिष्ठ उपाध्यक्ष
४. उपाध्यक्षहरू
५. महासचिव
६. पूर्व वरिष्ठ उपाध्यक्षहरू
७. प्रदेश अध्यक्ष, कोषाध्यक्ष
८. पूर्व उपाध्यक्ष, पूर्व महासचिव, पूर्व उपमहासचिव
९. सचिवहरू
१०. सल्लाहकारहरू
११. सहकोषाध्यक्ष
१२. पूर्व कोषाध्यक्ष, पूर्व सचिव, पूर्व सहकोषाध्यक्ष
१३. केन्द्रीय सदस्यहरू
१४. पूर्व केन्द्रीय सदस्यहरू

- प्रदेश, जिल्ला तथा पालिकाहरूको हकमा माथि उल्लेख भए अनुसार सम्बन्धित समितिको मर्यादा कमानुसार हुने ।
- समितिमा एक भन्दा बढी संख्यामा व्यवस्था भएका पदहरूमा निर्वाचित हुने व्यक्तिका हकमा सम्बन्धित अधिवेशनमा निर्वाचन विधिद्वारा निर्वाचित व्यक्ति मध्ये बढी मत प्राप्त गर्ने व्यक्ति अघिल्लो मर्यादामा र अन्य प्रक्रियाद्वारा निर्वाचित व्यक्ति संस्थामा आवद्धताका आधारमा मर्यादामा रहने छन् ।

❁

# निर्वाचन सम्बन्धी व्यवस्था - २०७६

राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपालको विधान, २०५४ (संशोधन - २०७६) परिच्छेद ९ को दफा ९.५ बमोजिम नेसनल प्याब्सनको केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला समिति, पालिका समिति र अन्य उपसमितिहरूको निर्वाचन प्रयोजनका लागि निर्वाचन सम्बन्धी व्यवस्था गरी लागु गरिएको छ ।

## १. संक्षिप्त नाम र परिचयः

(क) यसको नाम "नेसनल प्याब्सनको निर्वाचन सम्बन्धी व्यवस्था -२०७६" हुने छ ।

(ख) "निर्वाचन सम्बन्धी व्यवस्था-२०७६" नेसनल प्याब्सनको राष्ट्रिय प्रतिनिधि परिषद्ले मिति २०७६।०४।३१ र ३२ मा पारित गरी लागु गरेको छ ।

## २. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) "निर्वाचन सम्बन्धी व्यवस्था-२०७६" भन्नाले नेसनल प्याब्सनको निर्वाचन सम्बन्धी व्यवस्थालाई सम्झनु पर्छ ।

(ख) "संस्था" भन्नाले "नेसनल प्याब्सन" लाई सम्झनु पर्छ ।

(ग) "निर्वाचन" भन्नाले नेसनल प्याब्सनको निर्वाचन सम्बन्धी व्यवस्था अनुरुप गठन हुने समितिहरूको पदाधिकारीहरूको निर्वाचन सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले नेसनल प्याब्सनको तोकिए बमोजिमको विधान बमोजिम सदस्य भएका व्यक्तिलाई सम्झनु पर्छ ।

(ङ) "मतदाता" भन्नाले नेसनल प्याब्सनको निर्वाचन सम्बन्धी व्यवस्था अनुसार संस्थाको मतदानका लागि योग्य मानिएका सदस्यलाई सम्झनु पर्छ ।

(च) "उमेदवार" भन्नाले संस्थाको निर्वाचन सम्बन्धी व्यवस्था अनुसार निर्वाचित वा नियुक्त हुन नसक्ने भनी तोकिए बाहेकका निर्वाचनमा उमेदवार हुने सदस्यलाई सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले सम्बन्धित समितिले निर्वाचन प्रयोजनका लागि गठन गरेको निर्वाचन समितिलाई सम्झनु पर्छ ।

(ज) "संयोजक" भन्नाले निर्वाचन समितिको संयोजकलाई सम्झनु पर्छ ।

(झ) "निर्वाचन अधिकृत" भन्नाले यस निर्वाचन सम्बन्धी व्यवस्था बमोजिम निर्वाचन गराउन केन्द्रीय समिति वा सम्बन्धित समितिले तोकेको निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई सम्झनु पर्दछ ।

## ३. निर्वाचन समितिको गठन र कार्यविधिः

(क) नेसनल प्याब्सनको निर्वाचन सम्बन्धी व्यवस्था बमोजिम निर्वाचन गरिने पदहरूका निम्ति निर्वाचन गर्न समितिले संयोजक सहित कम्तीमा ३ जना सदस्य भएको एक निर्वाचन समिति गठन गर्ने छ। समितिको संयोजक स्वयं वा समितिको निर्णयानुसार मतदान अधिकृत तोक्न सकिने छ।

(ख) समितिको बैठक बस्न र निर्णय लिन संयोजक सहित अर्को एक जना सदस्य मात्र उपस्थित भएमा पनि नियमित ठानिने छ।

(ग) समितिले बहुमतको आधारमा निर्णय गर्न सक्ने छ तर संयोजक सहित दुई जना मात्र उपस्थित भएमा सर्वसम्मत निर्णय हुनु पर्ने छ।

(घ) समितिमा रहेका पदाधिकारीहरूले समितिद्वारा गराइने निर्वाचनमा उमेदवार हुन पाइने छैन।

(ङ) समितिले यस निर्वाचन निर्देशिकाको प्रति आवश्यक पर्ने सदस्य तथा अन्य व्यक्ति वा निकायलाई तोकिएको मूल्य लिई व्यवस्थापन मार्फत बिक्री वितरण गर्न सक्ने छ। (मूल्य तोक्ने काम निर्वाचन समितिले गर्ने छ)

## ४. निर्वाचन कार्यक्रमः

समितिले संस्थाको केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला समिति, पालिका समिति र अन्य उपसमितिहरूमा रहने पदाधिकारीहरूको लागि हुने निर्वाचन कार्यक्रम निर्धारण गर्ने छ। यसरी, निर्धारण गरिएको कार्यक्रम मतदान हुनुभन्दा १५ दिन अगावै समितिले अनुसूची - १ बमोजिमको ढाँचामा निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गर्नु पर्ने छ।

## ५. मतदाता नामावलीः

(क) नेसनल प्याब्सनको निर्वाचन सम्बन्धी व्यवस्था अनुसार मतदान गर्न पाउने सदस्यहरूको मतदाता नामावली अनुसूची-२ बमोजिमको ढाँचामा प्रकाशित गरिने छ र सो प्रकाशन गरेको मुचुल्का तयार गर्नु पर्ने छ।

(ख) प्रकाशित भएको मतदाता सूचीमा असामान्य त्रुटि हुन गई सच्याउनु पर्ने भएमा अनुसूची - ३ को ढाँचामा तोकिएको अवधिभित्र संस्थाको कुनै एक जना सदस्यको सिफारिसमा समिति समक्ष निवेदन पेस गर्न सकिने छ।

(ग) माथि ५ (ख) अनुसार प्राप्त निवेदन छानबिन गरी सच्याउनु पर्ने भए सो समेत सच्याई समितिबाट तोकिएको अवधिभित्र मतदाताको अन्तिम नामावली प्रकाशित गर्नु पर्ने छ।

(घ) कुनै सदस्य तथा उमेदवारलाई आवश्यक परेमा प्रकाशित मतदाता नामावलीका प्रतिहरू समितिबाट तोकिएको दस्तुर लिई व्यवस्थापनबाट उपलब्ध गराइने छ।

## ६. उमेदवारी दिने:

(क) निर्वाचन हुने पदमा उमेदवार हुनका लागि निर्वाचन सम्बन्धी व्यवस्था - २०७६ बमोजिम सम्बन्धित समिति, तथा अन्य उपसमितिहरूको पदमा निर्वाचित वा नियुक्ति हुन नसक्ने अवस्था नभएका सदस्यले अनुसूची ४ को ढाँचामा उमेदवारी पत्र प्रस्तुत गर्नु पर्ने छ।

(ख) नेसनल प्याब्सनको विधान बमोजिम नेसनल प्याब्सनका इच्छुक सदस्यहरूले विभिन्न पदमा उमेदवारी दिन सक्ने छन्।

- उमेदवारी पत्रमा संस्थाका सदस्यहरूमध्ये एक जना प्रस्तावक र एक जना समर्थकको दस्तखत हुनु पर्ने छ।
- उमेदवार हुनको लागि नेसनल प्याब्सनको विधानमा व्यवस्था गरिए अनुसार सम्बन्धित समितिका लागि उमेदवार हुन योग्यता पुगेको हुनु पर्ने छ।
- निर्वाचन हुने पद सङ्ख्या बराबरभन्दा बढीका लागि एकै मतदाता प्रस्तावक वा समर्थक हुन पाइने छैन।
- एउटै मतदाता एक जना उमेदवारको प्रस्तावक र समर्थक दुवै हुन पाउने छैन।
- माथि (ख) मा भएको व्यवस्था विपरीत प्रस्तावक वा समर्थक भई उमेदवारी पेस हुन आएमा सो उमेदवारी बदर हुने छ।

## ७. उमेदवारी दस्तुर:

(क) निर्वाचन हुने पदका लागि उमेदवारी दस्तुर सम्बन्धित समितिले निर्णय गरे बमोजिम हुने छ। उमेदवारले सो रकम संस्थामा जम्मा गरी सोको रसिद उमेदवारी पत्रसाथ संलग्न गर्नु पर्ने छ। यसरी, प्राप्त हुन आएका उमेदवारी पत्रहरूको आधारमा समितिले अनुसूची ५ बमोजिम उमेदवारहरूको पहिलो नामावली प्रकाशित गर्ने छ।

(ख) निर्वाचनमा सहभागी हुने सदस्यले विधान बमोजिम दाखिला गरेको रकम संस्थाको आय कोषमा जम्मा हुने छ साथै उक्त रकम निर्वाचन कार्यमा नियमानुसार खर्च गर्न सकिने छ।

(ग) उमेदवारको अन्तिम नामावलीमा कायम रहेका बाहेक अन्य उमेदवारको उमे दवारी दस्तुर फिर्ता गरिने छ।

## ८. उमेदवारी फिर्ता लिने:

उमेदवारले दाखिला गरेको उमेदवारी पत्र उमेदवार आफैँले फिर्ता लिन चाहेमा तोकिएको समयभित्र अनुसूची -६ को ढाँचामा तोकिएको समयभित्र निवेदन प्रस्तुत गरी फिर्ता लिन सक्ने छ।

## ९. विरोध पत्र दिन पाइने:

(क) कुनै उमेदवार समितिको उमेदवार हुन निर्वाचन सम्बन्धी व्यवस्था बमोजिम योग्यता पुगेको छैन भन्ने लागेमा कुनै सदस्यले निर्वाचन समिति समक्ष अनुसूची -७ को ढाँचामा निर्वाचन समितिले तोकेको दस्तुर -फिर्ता नहुने गरी आफूले प्रस्तुत गरेको

विरोधको प्रमाण सहित विरोध पत्र दिन सक्ने छ ।

(ख) विधान बमोजिम प्राप्त हुन आएको दाबी विरोध पत्र छानबिन गरी समितिले निर्णय दिनु पर्ने छ ।

## १०. उमेदवारको अन्तिम नामावली प्रकाशन गर्ने:

समितिले प्राप्त गरेको उमेदवारी पत्र र सो सम्बन्धमा कारबाही भई उमेदवारी कायम रहन आएका उमेदवारहरूको अन्तिम नामावली अनुसूची - ८ बमोजिम प्रकाशित गर्नु पर्ने छ ।

## ११. निर्विरोध निर्वाचित हुने:

निर्वाचन हुने पद संख्या बराबर उमेदवारी कायम हुन आएमा यस्ता उमेदवारहरूलाई विधान बमोजिमको सूचना प्रकाशित गर्ने समयमा नै निर्विरोध निर्वाचित भएको घोषण गरिने छ ।

## १२. मतदान र मतपत्र:

(क) निर्वाचन प्रयोजनका लागि कुनै उमेदवारले आफ्नो तर्फबाट निर्वाचनको मतदान कार्यको रेखदेख गर्न उमेदवारका तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्यका लागि नेसनल प्याब्सनका सदस्यहरू मध्ये कसैलाई पूर्ण अधिकार दिई प्रतिनिधि नियुक्ति गर्न सक्ने छ ।

(ख) समितिबाट आवश्यक ठानिएमा सदस्य प्रतिनिधिले आफ्नो परिचय खुल्ने कुनै पनि किसिमको परिचय पत्र (नागरिकता, मतदाता परिचय पत्र वा कर्मचारी परिचय पत्र आदि) पेस गर्न लगाउन सकिने छ ।

(ग) एकै व्यक्ति एकभन्दा बढी सदस्यको प्रतिनिधि भई कार्य गर्न पाउने छैन ।

(घ) केन्द्रीय समिति र प्रदेश समितिका लागि छुट्टाछुट्टै मतपेटिकामा मतदान गर्नु पर्ने छ ।

(ङ) यस निर्देशिका अन्तर्गत हुने निर्वाचन गोप्य मतदान मार्फत मतदानका लागि निर्धारण गरिएको मतपेटिकामा गर्नु पर्ने छ ।

(च) मतदाताले अनुसूची - ९ बमोजिमको मतपत्रमा उमेदवारको लहरमा रहेका कोठाहरूमध्ये मत दिन चाहेको उमेदवारको नामको पछाडि रहेको कोठामा रेजा ( ✔ ) चिन्ह लगाई मत संकेत गर्नु पर्ने छ ।

(छ) मतदान गर्ने समूहका सदस्यहरूको संख्याको आधारमा मत संकेत गर्ने ठाउँ आवश्यता अनुसार एकभन्दा बढी स्थानहरूमा राख्ने व्यवस्था गर्न सकिने छ ।

## १३. मतदान केन्द्रमा प्रवेशः

मतदान अधिकृतले मतदान केन्द्रमा मतदाता र निम्न लिखित व्यक्ति बाहेक अरू कसैलाई प्रवेश नदिन सक्ने छ :

(क) सम्बन्धित कर्मचारीहरू,
(ख) उमेदवार वा निजको प्रतिनिधि,
(ग) मतदान अधिकृतबाट इजाजत पाएका अरू व्यक्तिहरू,
(घ) तोकिएका पर्यवेक्षकहरू,
(ङ) संस्थाको तालुक कार्यालयबाट आएका प्रतिनिधिहरू । (तालुक कार्यालय भन्नाले डिभिजन सहकारी कार्यालयलाई बुझाउने छ)

## १४. मतदान स्थगित गर्नेः

क) काबु बाहिरको परिस्थिति सिर्जना भई वा अन्य कुनै कारणले निर्वाचन स्थगित गर्नु पर्ने कुरा निर्वाचन/मतदान अधिकृतलाई लागेमा समितिको सहमतिमा मतदान कार्य स्थगित वा रद्घ गर्न सक्ने छ ।

ख) यसरी स्थगित वा रद्घ गरिएको निर्वाचन सम्पन्न गर्न अर्को सूचना प्रकाशित गरी तोकिएको समयमा सम्पन्न गरिने छ ।

## १५. मतपेटिका बन्द गर्नेः

(क) मतपेटिका लेखी टाँसिएको खाली मतपेटिका सबै उमेदवारहरू वा उमेदवारहरूको प्रतिनिधिलाई देखाई निजहरूको रोहबरमा मतपत्र छिराउने प्वालमात्र खुल्ला राखी मतपेटिका बन्द गरी सहीछाप लगाई मतदान हुने कोठामा राखिने छ र मतदान अधिकृतले सोको मुचुल्का गराउनु पर्ने छ ।

(ख) मतपत्र दिँदा प्रयोग गरिएका मतदाता नामावली, मतपेटिका बाहिर खसालिएका मतपत्रहरू तथा निर्वाचन सम्बन्धी मुचुल्काहरू खाममा राखी मतदान अधिकृतले लाहाछाप लगाई, आफ्नो दस्तखतका साथ सिलबन्दी गरी राख्नु पर्ने छ ।

## १६. मतगणना, मत बदर हुने अवस्था र निर्वाचन परिणाम घोषणाः

(क) मतदान समाप्त हुनासाथ उमेदवार वा निजको प्रतिनिधिको रोहबरमा मतगणना कार्य सुरु गरिने छ । मतगणना कार्यको तालिका अनुसूची - १० बमोजिम हुने छ । कुनै उमेदवार वा निजको प्रतिनिधि उपस्थित नभए तापनि मतगणना कार्य सुरु गर्न बाधा पर्ने छैन ।

(ख) देहायको अवस्थामा मत बदर हुने छ :

(१) मत सङ्केत नगरेको,

(२) मतपेटिकामा नखसेको,

(३) जाली मतपत्र,

(४) मत नदिने निश्चय गरी मतदान अधिकृतलाई फिर्ता दिएको,

(५) आवश्यक सङ्ख्या भन्दा बढी उमेदवारलाई मत सङ्केत गरेको,

(६) गरिएको मत कसलाई दिएको भनी छुट्याउन नसकिने अवस्थाको,

(७) केरमेट गरिएको वा च्यातिएको,

(८) निर्वाचन - मतदान अधिकृतको दस्तखत नभएको ।

(ग) मतगणना गर्दा जति पदको लागि निर्वाचन भएको हो त्यति पदसम्म सबैभन्दा बढी मत प्राप्त गर्ने उमेदवारहरूलाई निर्वाचित भएको घोषणा गरिने छ ।

(घ) मतगणना गर्दा उमेदवारहरूको बराबर मत आएमा गोला प्रथाबाट विजयी भएको घोषणा गरिने छ ।

(ङ) मतदान भएको मतपत्रको सम्बन्धमा कुनै विवाद आइपरेमा समितिले गरेका निर्णय अन्तिम हुने छ ।

## १७. निर्वाचन वा मतदान अधिकृत तथा सहयोगी तोक्ने:

(क) समितिले समिति भित्रैबाट वा अन्य कसैलाई निर्वाचन वा मतदान अधिकृतको काम गर्ने गरी तोक्न सक्ने छ ।

(ख) समितिले निर्वाचन प्रयोजनका लागि संस्थाबाटै वा अन्य संघ-संस्थाबाट सहयोगी कर्मचारीहरूलाई उचित पारिश्रमिक दिई काममा लगाउन सक्ने छ ।

## १८. प्रमाण-पत्र दिने:

निर्वाचनमा विजयी हुने उमेदवारहरूलाई समितिले अनुसूची - ११ बमोजिमको ढाँचामा प्रमाण-पत्र दिने छ ।

## १९. मुचुल्काहरू:

समितिले निर्वाचन कार्यक्रम बमोजिम देहायका कार्यक्रम सञ्चालन गर्दा अनुसूची - १२ अनुसारका मुचुल्का खडा गर्नु पर्ने छ :

(क) निर्वाचन कार्यक्रम प्रकाशन,
(ख) मतदाता नामावली प्रकाशन,
(ग) उमेदवारको नामावली प्रकाशन,
(घ) मतदान प्रारम्भ,
(ङ) मतगणना प्रारम्भ,
(च) निर्वाचन परिणाम घोषणा ।

## २०. कागजपत्र बुझाउने:

निर्वाचन कार्यक्रमअनुसार निर्वाचन सम्पन्न भएपछि निर्वाचन सम्बन्धी सम्पूर्ण कागजातहरू संलग्न गरी समितिले संस्थाको व्यवस्थापन समक्ष बुझाउनु पर्ने छ।

## २१. व्याख्या गर्ने अधिकार:

यस विधानको व्याख्या गर्ने अधिकार केन्द्रीय समितिलाई हुने छ।

## २२. बचाउ:

(क) यस विधान बमोजिम कार्य सञ्चालन गर्दा कुनै विवाद आई परेमा सोको निर्क्यौल केन्द्रीय समितिबाट हुने छ।

(ख) निर्वाचन सम्बन्धी अन्य कार्यविधि समितिले आवश्यकता अनुसार तय गरी लागु गर्न सक्ने छ।

(ग) संस्थाको विधान तथा नियमावलीमा नपरेको विषयमा प्रचलित कानुन बमोजिम हुने छ।

(घ) यस विधानमा उल्लेख नभएका अनुसूची र फारामहरू केन्द्रीय समितिले बनाई लागु गरेमा ती अनुसूची तथा फारामहरू यस विधानका अभिन्न अङ्ग मानिने छन्।

## २३. संशोधन:

यस निर्वाचन सम्बन्धी व्यवस्था-२०७६ लाई सामयिक संशोधन गर्ने अधिकार केन्द्रीय समितिमा निहित रहने छ।

❁

# अनुसूची १

## निर्वाचन समिति
## नेसनल प्याब्सन

## निर्वाचन कार्यक्रम प्रकाशन

नेसनल प्याब्सनको विधान बमोजिम नेसनल प्याब्सनको केन्द्रीय समिति, प्रदेश , जिल्ला समिति, पालिका समितिहरूमा रहने पदाधिकारीहरूको निर्वाचन देहाय बमोजिम हुने गरी सबै सदस्यहरूको जानकारीका लागि यो निर्वाचन कार्यक्रम प्रकाशित गरिएको छ।

निर्वाचनमा सहभागी हुन अनिवार्य रूपमा केन्द्रीय समितिले प्रदान गरेको परिचय-पत्र लिई आउनु पर्ने छ।

| सि.नं. | कार्यक्रम | मिति | समय | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १ | मतदाता नामावली प्रकाशन | | | |
| २ | मतदाता नामावली उपर दावी | | | |
| ३. | छानबिन तथा अन्तिम मतदाता नामावली प्रकाशन | | | |
| ४. | उमेदवारी पत्र वितरण | | | |
| ५. | उमेदवारी पत्र दर्ता | | | |
| ६. | उमेदवारको पहिलो नामावली प्रकाशन | | | |
| ७. | उमेदवारी उपर विरोध तथा उमेदवारी फिर्ता लिने | | | |
| ८. | विरोध उपर छानबिन तथा निर्णय | | | |
| ९. | उमेदवारको अन्तिम नामावली प्रकाशन | | | |
| १०. | मतदान तयारी/उमेदवारको परिचय | | | |
| ११. | मतदान | | | |
| १२. | मतणाना | | मतदान सकिएपछि | |
| १३. | निर्वाचन परिणाम घोषणा/प्रमाण पत्र वितरण | | मतदान सकिएपछि | |
| १४. | शपथ ग्रहण | | क्र.सं. .....को कार्यक्रम समाप्त भएपछि | |

स्थान : ....................................

संयोजक : ....................................

मिति : ....................................

# अनुसूची २

## निर्वाचन समिति
## नेसनल प्याब्सन

### <u>मतदाता नामावली</u>

| क्र. सं. | मतदाता सदस्यको नाम, ठेगाना | उमेर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

# अनुसूची ३

श्रीमान् संयोजकज्यू,
निर्वाचन समिति
नेसनल प्याब्सन,

विषयः- मतदाता नामावली संशोधनको लागि निवेदन।

निर्वाचन सम्बन्धी व्यवस्था-२०७६ छ (क) अनुसार प्रकाशित भएको मतदाता सूचीमा निम्न कुरा सच्याउनु पर्ने भएको हुँदा निवेदन गर्दछु।

सच्याउनु पर्ने व्यहोरा : ..................................................................

.......................................
निवेदक

निवेदकको व्यहोरा ठिक हो भनी सिफारिस गर्नेः

| | | | |
|---|---|---|---|
| दस्तखत | : .................... | दस्तखत | : ........................... |
| सदस्यको नाम | : .................... | नाम | : ........................... |
| मतदाता क्रमाङ्क | : .................... | मतदाता क्रमाङ्क | : ........................... |

# अनुसूची ४

मिति :............................

श्रीमान् संयोजकज्यू, रसिद नं.: ..................

निर्वाचन समिति दर्ता नं.: ..................

नेसनल प्याब्सन समय: ..................

काठमाडौं ।

विषय :- उमेदवारी पत्र पेस गरेको ।

महोदय,

नेसनल प्याब्सनको अधिवेशन/महाधिवेशनमा हुने निर्वाचनमा देहायको पदमा निर्वाचित हुन यो उमेदवारी पत्र प्रस्तुत गरेको छु ।

उमेदवारीको विवरण (आफू उमेदवार हुन चाहेको पदमा रेजा (✔) चिन्ह लगाउने )

समितिः केन्द्रीय समिति/प्रदेश समिति/जिल्ला समिति/पालिका समिति

| | | | |
|---|---|---|---|
| अध्यक्ष | | वरिष्ठ उपाध्यक्ष | |
| उपाध्यक्ष | | महासचिव | |
| कोषाध्यक्ष | | सचिव | |
| सह कोषाध्यक्ष | | सदस्य | |

उमेदवारी दस्तुर बापत रु .................................. संस्थामा बुझाएको रसिद यसै साथ संलग्न छ ।

मेरो तथा मेरा प्रस्तावक र समर्थकको विवरण र दस्तखत निम्नानुसार छ ।

| विवरण | उमेदवार | प्रस्तावक | समर्थक |
|---|---|---|---|
| दस्तखत | | | |
| नाम | | | |
| उमेर | | | |
| मतदाता क्रमाङ्क | | | |

# अनुसूची ५

## निर्वाचन समिति
## नेसनल प्याब्सन

**<u>उमेदवारको पहिलो नामावली प्रकाशन</u>**

नेसनल प्याब्सनको विधान बमोजिम संस्थाको केन्द्रीय समिति/प्रदेश समिति/जिल्ला समिति/पालिका समितिहरूमा रहने पदाधिकारीहरूको निर्वाचनका लागि मिति .............................. गते हुने निर्वाचनमा उमेदवार हुन उमेदवारी-पत्र दाखिला हुन आएका उमेदवारको पहिलो नामावली सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

| क्र.सं. | समिति | पद | उमेर | मतदाता क्र.सं. | उमेदवारको नाम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

मिति : .............................. ......................................

समय : .............................. संयोजक

# अनुसूची ६

श्रीमान् संयोजकज्यू, मिति : .......................
निर्वाचन समिति ।
नेसनल प्याब्सन,

विषयः- उमेदवारी फिर्ता लिनेबारे ।

महोदय,

नेसनल प्याब्सनको केन्द्रीय समिति/प्रदेश समिति/जिल्ला समिति/पालिका समितिको ..................... पदमा निर्वाचित हुनका लागि प्रस्तुत गरेको उमेदवारी मेरो स्वेच्छाले फिर्ता गर्न चाहेको हुँदा उमेदवारको नामावलीबाट मेरो नाम हटाई पाउन अनुरोध गर्दछु ।

निवेदक
दस्तखत : ...................

नाम : ...................

क्र. सं : ....................

# अनुसूची ७

श्रीमान् संयोजकज्यू,
निर्वाचन समिति ।
नेसनल प्याब्सन,

विषयः- दावी विरोध प्रस्तुत गरेको बारे ।

नेसनल प्याब्सनको केन्द्रीय समिति/प्रदेश समिति/जिल्ला समिति/पालिका समितिको ...................................................................................... पदका लागि उमेदवार हुनु भएका श्री ........................................................................................ नेसनल प्याब्सनको विधान ...................................................... अनुसार निर्वाचित हुन योग्यता नपुग्ने भएको हुँदा उहाँको उमेदवारी बदर गरी पाउन अनुरोध गर्दछु । सोको व्यहोरा निम्नानुसार हुनाको साथै आवश्यक प्रमाण र दस्तुर बापत रु. .......................... (अक्षरेपी रु. ..........................................................................................मात्र) संस्थामा बुझाएको रसिद यसै साथ संलग्न छ ।

निवेदकः

दस्तखतः ............................
नामः .................................
मतदाता क्र.सं: ...................

विरोधको व्यहोराः

..................................................

..................................................

..................................................

निवेदकको व्यहोरा ठिक छ भनी प्रमाणित गर्दछु ।
प्रमाणित गर्ने सदस्यको सहीः

नामः .......................................

मतदाता क्र.सं.: ..........................

# अनुसूची ८

निर्वाचन समिति
नेसनल प्याब्सन

## उमेदवारको अन्तिम नामावली प्रकाशन

नेसनल प्याब्सनको विधान बमोजिम संस्थाको केन्द्रीय समिति/प्रदेश समिति/जिल्ला समिति/पालिका समितिका पदाधिकारीहरूको निर्वाचनका लागि मिति ................................ मा हुने निर्वाचनमा उमेदवार हुन उमेदवारी पत्र दाखिल भई कायम हुन आएका उमेदवारहरूको अन्तिम नामावली सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

| क्र.सं. | समिति | पद | उमेर | मतदाता क्र. सं. | उमेदवारको नाम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

मितिः ........................

समयः ........................

.................................
संयोजक

# अनुसूची ९

निर्वाचन समिति
नेसनल प्याब्सन

## <u>मत-पत्र</u>

| क्र.सं. | समिति | पद | उमेदवारको नाम | रेजा (✔) लगाई मत संकेत गर्ने कोठा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

...............................................

मतदान अधिकृतको सही

# अनुसूची १०

निर्वाचन समिति

नेसनल प्याब्सन

**<u>मतगणना तालिका</u>**

केन्द्रीय समिति/प्रदेश समिति/जिल्ला समिति/पालिका समितिका अध्यक्ष/वरिष्ठ उपाध्यक्ष/उपाध्यक्ष/महासचिव/कोषाध्यक्ष/सचिव/सहकोषाध्यक्ष/सदस्य ले कुल खसेको मतः

सदर मत :....................

वदर मत :....................

| क्र.सं. | उम्मेदवाको नाम | मतगणना | प्राप्त मत | | परिणाम | उमेदवार वा प्रतिनिधिको हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | अङ्कमा | अक्षरमा | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

.................................. .................................. ..................................

सदस्य सदस्य संयोजक

# अनसूची ११

निर्वाचन समिति
नेसनल प्याब्सन

<u>प्रमाण-पत्र</u>

यस नेसनल प्याब्सनको अध्यक्ष/वरिष्ठ उपाध्यक्ष/उपाध्यक्ष महासचिव/कोषाध्यक्ष/सचिव/सहकोषाध्यक्ष/सदस्य पदका लागि मिति ................................ गते भएको निर्वाचनमा ......................... पदमा श्री ................................................. निर्विरोध ................. मत प्राप्त गरी निर्वाचित हुनु भएकोले यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

| ....................... | ....................... | ....................... | ....................... |
|---|---|---|---|
| सदस्य | सदस्य | संयोजक | निर्वाचन अधिकृत |

मितिः ................................

# अनुसूची १२

निर्वाचन समिति
नेसनल प्याब्सन

## मुचुल्का

नेसनल प्याब्सनको अध्यक्ष/वरिष्ठ उपाध्यक्ष/उपाध्यक्ष/महासचिव/कोषाध्यक्ष/सचिव/सहकोषाध्यक्ष/सदस्य पदमा रहने पदाधिकारीहरूको निर्वाचनको लागि मिति ............................... गते, दिन............ बजे निर्वाचन सम्पन्न भई परिणाम घोषणा समेत भई निर्वाचित पदाधिकारीहरूलाई सम्बन्धित पदको प्रमाणपत्र प्रदान गरिएको व्यहोरा ठिक साँचो हो भनी यो मुचुल्का गरी दियौं ।

### तपसिल

| क्र.सं. | मुचुल्का गरिदिनेको नाम | ठेगाना | उमेर | दस्तखत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

..................................
संयोजक
निर्वाचन समिति

श्री ५ को सरकार
गृह मंत्रालय
# जिल्ला प्रशासन कार्यालय
काठमाडौं

द. नं. ४०२/०५४।५५ मिति २०५४।८।२५

श्री ५ को सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

## प्रमाण पत्र

श्री अध्यक्ष ज्यू, राष्ट्रिय निजी तथा आवासीय विद्यालय संगठन, नेपाल, प्रदेश (काठमाडौं) तथा राष्ट्रिय निजी आवासीय विद्यालय संगठन नामक संस्था ~~दर्ता ऐन २०३४ को दफा (४)~~ बमोजिम मिति २०५४।८।२५। गते दर्ता गरी यो प्रमाणपत्र दिइएको छ।

स्थानीय अधिकारीको सही
पूरा नाम:-
दर्जा:-
कार्यालय:- जि० प्रशासन का. (काठमाडौं)
मिति:- २०५४।८।२५